प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५ ९४६६**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५५
नेपाल सम्वत् ११३१
इस्वी सम्वत् २०११
बिक्रम सम्वत् २०६८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |

DHARMAKIRTI

# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

*A Buddhist Monthly*

**15th JUNE 2011**

| वर्ष- २९ | अङ्क- २ | ज्या:पुन्हि | असार २०६८ |
|---|---|---|---|




**असल मानिस भई जन्म लिन पाउनु पनि दुर्लभ हो। मृत्यु हुनुपर्ने मानिसहरू बाँचिरहन पाउनु पनि दुर्लभ हो। सद्धर्म श्रवण गर्न पाउनु पनि दुर्लभ हो। यसरी नै बुद्धहरूको जन्म पनि दुर्लभ हो।**

**पापकार्य नगर्ने, असल, कुशल कार्य गर्ने, आफ्नो चित्तलाई परिशुद्ध गर्ने यी सबै पहिला देखिको बुद्धहरूको उपदेश हो।**

**शान्ति र सहनशीलतालाई परम तप भनिन्छ, बुद्ध आदि उत्तम व्यक्तिहरूले निर्वाण (जन्म मरणको भुमरीबाट अलग्ग मुक्त जीवन) लाई श्रेष्ठ भनिन्छ। अर्कालाई घात गर्ने व्यक्तिलाई प्रव्रजित व्यक्ति भनिन्दैन अरूलाई पीडा नदिने व्यक्तिलाई मात्र श्रमण भनिन्छ।**

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# मानिसको मन किन अपवित्र हुने गर्छ ?

भगवान बुद्ध भन्नुहुन्छ– मानिस जन्मिँदा पवित्र हृदय लिएर जन्मिन्छ । "**पभस्सरमिदं भिक्खवे चित्तं अपित आगन्तुकेहि उपक्किलेसेहि उपक्किलिंट्ठ**" (अंगुत्तर निकाय) त्यहि मानिसको चित्त अन्य दूषित चित्त सहितको मानिसहरूको दूषित स्वभाव र दूषित वातावरणको प्रभावले गर्दा विस्तारै अपवित्र हुने गर्छ । तर राम्रो संस्कार बोकेर आएका व्यक्तिलाई भने समाजको नराम्रो हावाले पनि छुन सक्दैन र केही नराम्रो प्रभाव पार्न सक्दैन । उदाहरणको लागि सिद्धार्थ कुमारलाई समाजको दूषित वातावरणले केही पनि असर पार्न सकेन । उदाहरणको लागि कमलको फूल फुल्ने विरूवा हिलोयुक्त पानीमा उम्रिन्छ । त्यही विरुवामा फुलेको कमलको फूल भने हिलो र पानीबाट अलग्ग रही फुल्दै प्रकट हुने गर्छ ।

मनोविज्ञान अनुसार आमा, बुबा बाजे र बज्यैहरूको वंशानुगत स्वभावले बालवच्चा देखि वृद्ध बृद्धावस्था सम्म असर पारिरहेको हुन्छ । असल एवं खराब स्वभाव भएको व्यक्तिको सतसंगतले गर्दा अन्य व्यक्तिहरूको मन पनि पवित्र र अपवित्र पार्ने गर्छ ।

त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ–

असत्पुरूषहरूको संगत नगर्नु, असल विद्धानहरूको संगत गर्नु र यसको लागि बुद्धकालिन घटना एउटा प्रस्तुत गर्नु उपयुक्त होला । अहिंसक नामको एक असल विद्यार्थी खराब एवं ईर्षालु महत्त्वाकांक्षी साथीहरूको झेल जालमा फसी ज्यानमारा अंगुलिमाल बन्न पुग्यो । पछि त्यही व्यक्ति बुद्ध जस्तो पवित्र व्यक्तिको सम्पर्कका आई उहाँको शुद्ध मैत्री र करूणापूर्ण असल सत्य सन्देश सुनेर असल मानिस बन्न पुग्यो । उसले यथार्थ कुरा बुझ्न सफल भयो आफ्नो गल्ती, र गुरूको गल्ती तथा असमझदारीलाई बुझी उ बोध भयो र असल व्यक्ति बन्यो ।

हिमालयबाट बगिरहेको स्वच्छ र पवित्र पानी दोलालघाट, पाँचखाल सम्म स्वच्छ र पवित्र रूपमा बगिरहेको देखिन्छ । तर त्यही पानी विस्तारै वागमती र विष्णुमती सम्म पुग्दा अपवित्र मात्र होइन साह्रै गन्हाउने स्थितिमा पुगी ढलको रूपमा परिणत हुन पुग्छ । २०, २५ वर्ष पहिले सम्म बागमती विष्णुमतीमा नुहाउन मिल्ने पानी पुग्ने गर्थ्यो । तर हाल बीच बीचमा ढल र फोहर मिसिने गरेकोले त्यही स्वच्छ र पवित्र पानी अपवित्र र अशुद्ध हुन पुग्यो ।

यसरी नै पवित्र हृदय लिएर जन्मेका मानिसहरू पनि समाजका खराब मनोवृत्ति सहितका मानिसहरूको सतसंगतमा परी उनीहरूको मन प्रदुषित हुन पुग्छ । भगवान बुद्धको सादा जीवन र उच्च विचार एवं सिद्धान्तबाट समाज टाढिँदै गइरहेको देखिन्छ । सुविधामुखी र महत्त्वाकांक्षी बानीले गर्दा धेरैजसो मानिसहरूको मनमा लोभ लालच बढ्दै गएको देखिन्छ ।

भगवान बुद्धले चित्त शुद्ध बनाउने उपाय यसरी बताउनु हुन्छ "मानिस सधैं सतर्क र सचेत हुन सके अथवा होशियार बन्न सके उसको मन अपवित्र हुनबाट जोगिन सक्छ ।" उहाँ फेरि भन्नुहुन्छ– "जसरी लुगा फाटो मैलो भएमा साबुन पानी लगाएर धुन मिल्छ । अनि त्यही लुगा सफा हुने गर्छ । त्यसरी नै मन पवित्र पार्नको लागि पुण्यरूपी साबुन लगाएर आध्यात्मिक उन्नति धर्मको प्रवचन सुनी आफूलाई धार्मिक कार्यमा आफूलाई लगाउन सक्नुपर्छ । धर्मकर्म गर्ने ठाउँमा उपस्थित हुँदा त्यहाँको शुद्ध वातावरणले कतिप्य मानिसको मनमा रीस,ईर्ष्या, लोभ र क्रोध आदि हराएर जान्छ । ज्ञानबर्द्धक कुरा सुन्न पाउँदा मन आनन्दित हुन पुग्छ । त्याग चेतना उत्पन्न हुन्छ । प्रसिद्ध र नाउँ प्रचारको लोभ लिई प्रतिस्पर्धा गर्ने चेतनाले दान गर्दा हाम्रो चित्त शान्त हुन सक्दैन देखावटीधर्ममा परिणत हुन पुग्छ । चित्त जति निर्मल र पवित्र पार्न सकिन्छ, त्यति नै पुण्यरूपी फल प्राप्त भइरहन्छ । भगवान बुद्धका शिक्षा अनुसार पाप कर्म नगर्नाले मात्र पुग्दैन पुण्य धर्म कर्म गर्नाले मात्र पनि पुग्दैन, मुख्य कुरो त चित्त शुद्ध हुनु पर्दछ । बुद्धको असल र सही शिक्षा यही नै हो ।



Downloaded from http://www.dhamma.digital

# विपश्यना शिविर र आत्मदर्शन

✍ **सत्यनारायण गोयन्का**
**अनुवादक- विश्व शाक्य**

जीवनमा दुःख त छँदैछ । "**जाति पच्चया जरा मरणं सोक परिदेव दुक्खदोमस्सुपायासा सम्भवन्ति ।**" जन्म भएपछि बुढ्यौली, बिरामी र मृत्यु त भैहाल्छ । शोक, बेचैनी, आपद-विपद त परिनै हाल्छ तर जन्म नै किन भयो ? यो दुनियामा विना कारण त केही भएकै छैन । जन्मको लागि आमा-बाबुको संयोगहुनु आवश्यक छ, जुन प्रकृतिको एउटा नियम हो, तर यसको अतिरिक्त एउटा कुरा यो बुझ्नुपर्छ कि जीवनधारा कसरी चल्छ ? "**भव पच्चया जाति ।**" यो "**भव-भव**" केही बन्दै गैरहेकै छ । मृत्युसँगै यो समाप्त हुँदैन । मृतशरीरमा पनि परिवर्तन हुँदै गैरहेको छ र यो चेतनाको धारा तुरून्त कुनै अर्को शरीरका जोडिन जान्छ । फेरि क्षण-क्षण बन्दै जान्छ, क्षण-क्षण बिग्रँदै जान्छ । यस प्रकार यो क्रम चलिरहेकै छ । तब प्रश्न उठ्छ, यो भव हुन्छ किन ? अनुभूतिहरूबाट हेर्दा स्पष्ट हुन आउँछ– "**उपादान पच्चया भवो ।**" यो आसक्ति नै भवको कारण हो । जति गहिरो आसक्ति हुन्छ उत्ति गहिरो भव-कर्म हुन्छ । त यो उपादान किन हुन्छ ? यसको कारण के हो ? अनुभूतिहरूबाट तुरून्त पत्तालाग्छ– "**तण्हा पच्चया उपादानं ।**" तृष्णा याने कि यो राग र द्वेष नै उपादानको कारण हो । तृष्णा पैदा किन हुन्छ ? थाहा हुन्छ कि "**वेदना पच्चया तण्हा ।**" सारा शरीस्कन्धमा जहाँ सम्वेदना हुन्छ त्यहाँ तृष्णा पैदा हुन्छ । सुखद सम्वेदना भयो भने राग र दुःख सम्वेदना भयो भने द्वेष पैदा हुने हुन्छ । वेदना हुनुको कारण के हो ?– "**फस्स पच्चया वेदना ।**" वेदना स्पर्शबाट हुन्छ । छ इन्द्रिय द्वारहरूमा कुनै विषयमा यिनीहरूको स्पर्श हुनसाथ सम्वे दना पैदाहुन्छ । त यो स्पर्श किन हुन्छ ? "**सलायतन पच्चया फस्स ।**" यी छः इन्द्रियहरूको द्वार सदा खुल्ला रहेको हुन्छ त्यसैले यिनीहरूमा सहज स्पर्श हुन्छ । त यी छः इन्द्रिय आए कहाँबाट ? कुरा स्पष्ट हुन्छ– "**नाम-रूप पच्चया सलायतनं ।**" नाम-रूपको कारण यी इन्द्रियहरू आए । यो नाम-रूप के हो ? नाम अर्थात् मन, रूप अर्थात् शरीर । यी दुबैको मिली-जुली जीवनधारा जब शुरू भयो छः वटा इन्द्रियहरू साथ लिएरै भयो । त यो नाम-रूप किन भयो? "**विञ्ञाण पच्चया नाम-रूपं ।**" विज्ञानबाट नामरूप भयो । यो विज्ञान याने चेतना एउटा जीवनको समाप्तिसँगै समाप्त हुन्छ तर अर्को जीवनमा अर्कै शरीर सरी फेरि नयाँ उत्पन्न हुन्छ । समाप्त हुनासाथ अर्को क्षणमा नयाँ विज्ञान उत्पत्ति हुन्छ । उसको स्वभाव नै हुन्छ क्षण-प्रतिक्षण उत्पन्न भएर अगि बढनु । यो विज्ञान किन हुन्छ ? "**सङ्खार पच्चया विञ्ञाणं ।**" हरएक संस्कारले नयाँ विज्ञान पैदा गर्दछ । जब-जब साधनाको गहिराइमा पुग्नेछौं, थाहा हुनेछ कि हरेक संस्कारले नयाँ विज्ञान याने आउने क्षणको नयाँ चेतना पैदा गर्दछ । यो संस्कार कसरी बन्दछ ? "**अविज्जा पच्चया सङ्खारा ।**" अविद्याबाट नै संस्कार बन्दछ । अविद्याको अर्थ हो अज्ञानता, बेहोशी, विमूढता । यस प्रकार सारा रहस्य खुल्छ । जरासम्मको कुरा थाहा हुन्छ ।

**अविज्जा-पच्चया सङ्खारा सङ्खार-पच्चया विञ्ञाणं, विञ्ञाण- पच्चया नाम-रूपं, नाम-रूप-पच्चया सलायतनं, सलायतन-पच्चया फस्सो, फस्स-पच्चया वेदना, वेदना-पच्चया तण्हा, तण्हा-पच्चाया उपादानं, उपादान-पच्चया भवो, भव-पच्चया जाति, जाति-पच्चया जरामरण-शोक-परिदेव-दुक्ख-दोमनस्सुपायासा सम्भवन्ति ।**
**एवमेतस्स केवलस्स, दुक्खक्खन्धस्स समुदयो होति ॥**

देख्यौ कि कसरी दुःखको पहाड खडा हुन्छ । सारा खेल थाहा हुन आयो । यो अविद्या र बेहोशी नै दुःखको मूल कारण हो । यस अविद्यालाई जरैबाट काट्नुहोस् ।
**अविज्जात्वेव असेस विराग- निरोधा, सङखार-निरोधो,**
**सङखार-निरोधा, विञ्ञाण-निरोधो,**
**विञ्ञण-निरोधा, नाम-रूप-निरोधो,**
**नाम-रूप-निरोधा, सलायतन-निरोधो,**
**सलायतन-निरोधा, फस्स-निरोधो,**
**फस्स-निरोधा, वेदना-निरोधो,**



Downloaded from http://www.dhamma.digital

**वेदना-निरोधा, तण्हा-निरोधो**
**तण्हा-निरोधा, उपादान-निरोधो,**
**उपादान-निरोधा, भव-निरोधो,**
**भव-निरोधा, जाति-निरोधो,**
**जाति-निरोधा, जरामरणं - सोक - परिदेवं - दुक्ख दोमनस्सुपायासा निरूज्झन्ति ।**
**एवमेतस्स केवलस्स, दुक्खक्खन्धस्स निरोधो होति' ति ॥**

कारणको निवारण थाहाभयो । दु:खको जतिसुकै ठूलो पहाड खडागरिएकै किन नहोस् साराका सारा समाप्त हुनेछन् । अविद्यालाई जरैदेखि उखेल्न सिक्नुहोस् कसरी उखेल्ने ?

दु:खलाई देख्यौं । दु:खको कारणलाई देख्यौं, अविद्याको श्रृङखलालाई देख्यौं । जीवित छ भने नाम-रूपको धारा चल्छ । इन्द्रियहरूले पनि आ-आफ्नो काम गर्ने नै छन् । स्पर्श पनि हुने नै छ । सम्वेदना पनि हुने नै छ । अनि जब-जब सम्वेदना हुन्छ, पुरानो स्वभावको कारण तृष्णा जागृत हुन्छ, सुख भयो भने रागको र दु:ख भयो भने द्वेषको । बस यहींनिर रोक्नुपर्ने हुनेछ । वेदना महसूस त होस् तर "वेदना पच्चया-तण्हा" को ठाउँमा **"वेदना पच्चया-प्रज्ञा"** होस्, प्रज्ञा जागोस् । हरेक वेदनाको साथ प्रज्ञा जागृतभयो भने अविद्याको कारण जुन दु:ख-चक्र चलिरहेको थियो त्यो धर्म-चक्रमा परिवर्तन हुनेछ । के हो **'धर्म-चक्र'** भनेको ? जब-जब वेदना जाग्ला हरेक वेदनामा प्रज्ञा जगाउनुहोस्- यी सब अनित्य हुन्, नश्वर हुन् यसलाई हेर्नु त होस् । राग पैदा नगुर्नहोस् । द्वेष पैदा नगर्नुहोस् । जति बेरसम्म सम्वेदनाको साथ प्रज्ञा जागृत रहन्छ, नयाँ संस्कार बन्न पाउनेछैन । यतिमात्र होइन पुराना संस्कारहरू पनि मेटिन थाल्नेछन् ।

**"खीणं पुराणं नवं नत्थि संभवं ।"** नयाँ बन्न पाउने छैन तथा पुराना क्षीण भएर जानेछन् । उहाँ महापुरुषले प्रकृतिको यस कानूनलाई, विधानलाई राम्ररी देख्नुभयो, थाहापाउनुभयो । नयाँ बनाउन बन्दगर्नुभयो त पुरानो क्षीण हुँदै जान थाल्यो । क्षीण हुँदा-हुँदै एउटा यस्तो अवस्थामा पुग्नुभयो कि सारा पुराना भवसंस्कार नै क्षीण भएर गए । प्रज्ञालाई जागृत गर्दा गर्दा चित्त नितान्त निर्मल भएर गयो नितान्त विमुक्त भयो । शुद्ध-बुद्ध हुनु भयो । उस समय जुन हर्षको उद्‌गार निस्कियो त्यो बडो छ–

**अनेक-जाति-संसारं, सन्धाविस्सं अनिब्बिसं ।**
**गहकारकं गवेसन्तो, दुक्खा जाति पुनप्पुनं ।**
**गहकारक दिट्ठोसि, पुन गेहं न काहसि ।**
**सब्बा ते फासुका भग्गा, गहकूटं विसङ्खितं ।**
**विसङ्खारगतं चित्तं, तण्हानं खयमज्झगा ॥**

कति पटक जन्म लिएँ यस संसारमा कुनै गन्ती नै छैन । जन्म लिंदै गएँ अनि विना रूकावट (मृत्युतिर) दौड लगाइरहें । यस कायारुपी घर बनाउनेलाई खोज्दै पुन:पुन: दु:खदायी जीवनमा परिरहें । अब घर बनाउनेलाई देखें । भेटें । अब नयाँ घर बनाउन सक्नेछैन । सारा प्रयास (कडी) भग्न भयो । घरको धुरी भत्कियो । घर बनाउने सारा सामग्री तोड-फोड गरेर फ्याँकिदिएँ । चित्त पूर्वसंस्कार मा विमुक्त भयो । पूर्वसंस्काररहित भयो । भविष्यको लागि कुनै तृष्णा रहेन । समूल नष्टभयो । विमुक्त भयो ।

हरेक व्यक्तिले यो कार्य गर्न सक्छ । हरेक व्यक्ति यस्तो अवस्थासम्म पुग्न सक्छ तर काम गर्नुपर्ने हुन्छ । काम स्वयंले गर्नुपर्ने हुन्छ ।

**आठ अङ्ग का आर्य पथ, शुद्ध धरम का पथ ।**
**कदम-कदम चलते हुए, दुर्जन होवे सन्त ॥**
**पञ्चशील पालन भला, निरमल भली समाधि ।**
**प्रज्ञा तो जागी भली, दूर करे भव व्याधि ॥**
**मनके करम सुधारले, मन ही प्रमुख प्रधान ।**
**कायिक वाचिक करम तो, मन ही की सन्तान ॥**
**मन ही दुर्जन मन सुजन, मन बैरी मन मीत ।**
**जीवन मङ्गल जगे, जब मन होय पुनीत ॥**
**जैसी चित्त की चेतना, फल वैसा ही होय ।**
**दुर्मनका फल दु:ख ही, सुखद सुमनाका होय ॥**

जब तक मनमे राग है, जब तक मनमे द्वेष । तबतक दु:ख ही दु:ख है, मिटेन मन के क्लेश ॥ *क्रमश:*

**'मलाई गालि गऱ्यो' 'मलाई पिट्‌यो' 'मलाई हराई दियो' वा 'मेरो लगिदियो' इत्यादि भनेर जसले आफ्नो मनमा बरावर विचार गर्छ, त्यसको मनमा कहिले पनि वैरभावर शान्त हुनेछैन ।" – धम्मपद**



Downloaded from http://www.dhamma.digital

# सहनशीलताको महिमा

✍ भिक्षु अश्वघोष

बुद्धको शिक्षामा प्रज्ञा र अध्यात्मिक उन्नतिको कुरा धेरै ठाउँमा उल्लेख भएको पाइन्छ। जो व्यक्तिसँग प्रज्ञाहुन्छ, उ सँग थुप्रै गुणहरू हुन्छन्। ती मध्ये सहन शीलता पनि एक हो। यो बाहिरी कुरा होइन भित्री कुरा हो। यसलाई आध्यात्मिक गुण पनि भन्न सकिन्छ। यस्ता व्यक्तिहरू नरम र मधुर वचनले कुरा गर्ने प्रवितिमा हुन्छन्।

म भन्ने भावनाले गर्दा मानिसहरूमा अहंकारको भावना जागृत हुन्छ। फलस्वरूप जहिले पनि आफूलाई ठीक ठानी सही कुरामा पनि विरोध प्रकट गर्ने बानीले विस्तारै सहनशीलता भन्ने गुण हटदै जान्छ।

मानिसहरू विभिन्न कारणले गर्दा सहनशील हुन्छन्। ती कारण हुन:- १) कोही मूर्ख भएका कारणले सहनशील हुन्छन्। २) कोही निर्बल भएको कारणले सहनशील हुन्छन्। ३) कोही ढोंगीपन देखाएर सहनशील हुन्छन्। ४) कोही आफूलाई फाइदा लिनको लागि सहनशील हुन्छन्। यसरी सहनशील भएर बस्नु सहीरूपमा सहनशीलता होइन यो सहनशीलताको बहाना मात्र हो।

निन्दा र आलोचना गरेको सहन नसक्नुको मूलकारण अहंकार हो। म भन्ने भावना भएकोले हो। मलाई गाली र अपमान गऱ्यो भन्ने मनमा राखेर मानिस रिसाएर बस्छ। सहन नसकेकोले हतार विरोध व्यक्त गर्न खोज्छ। बदला लिन खोज्छ। अंह न भएको मानिस रिसाउँदैन।

उदाहरणको लागि आक्रोशक भारद्धाज नामक ब्राह्मण गौतम बुद्ध समक्ष गई बेस्सरी-तँ गधा, भेडा, गोरू, भनी गाली गरे। भगवान बुद्ध मुसु मुसु हाँस्दै बस्नुभयो।

आक्रोशक ब्राह्मणले सोधे-मैले गाली गरेको सुनेनौ ? किन हाँस्दै बसेको ? चित्त दुख्दैन ?

गौतम बुद्धले ब्राह्मणसित प्रश्न गर्नुभयो। तपाइँको घरमा कुनै पाहुना आएर कोसेली दिएको खण्डमा तपाइँले लिनु भएन भने के हुन्छ ?

ब्राह्मणले भने-उसैले लिएर जान्छ।

बुद्धले भन्नुभयो- म कहाँ पनि आज तपाइँले थुप्रै कोसेली ल्याएर दिनुभयो-त्यो हो गधा, भैंडा र गोरू। ती मैले लिइन। तपाइँ नै लिएर जानुस्। मैले ग्रहण नै गरेको छैन भने के को चित्त दुःख्ने।

त्यो आक्रोशक ब्राह्मणको हृदय परिवर्तन भयो बुद्धको सहनशीलता देखेर। त्यो आक्रोशक ब्राह्मणको स्वभाव बिल्कुल नरम भयो। आफ्नो रिसालु र ईर्ष्यालु बानीलाई सम्पूर्ण रूपमा समाप्त पारी बुद्धको शरणमा गयो।

बुद्धको सहनशीलता कति सुनौं। हिन्दू साधुको सहनशीलता पनि सुनौं।

महर्षि दयानन्द फर्रूखावादमा गंगाको किनारमा बस्नुहुन्थ्यो। त्यही नजिकै अर्का एकजना साधुपनि एउटा सानो कुटी बनाई बसेका रहेछन्। महर्षि दयानन्द देखेर उसलाई ईर्ष्या भएछ। हरेक दिन त्यस साधुले दयानन्द स्वामीकहाँ गई उहाँलाई गाली गर्न सकेजति गाली गरी फर्किने गर्थ्यो। दयानन्द स्वामी भने उसको गाली सुनेर हाँसी रहनुहुन्थ्यो। केही जवाफ दिनु हुन्नथ्यो। दयानन्द स्वामी कहाँ आउने भक्तजनहरूले धेरै पटक उहाँलाई यसरी भन्ने गर्थे-स्वामी महाराज ! तपाई आज्ञा मात्र दिनुहोस्। हामी त्यस दुष्ट साधुलाई ठीक पार्ने छौ। उनीहरूको कुरा सुनेर स्वामी दयानन्द सधैं भन्नुहुन्थ्यो-हुँदैन, त्यस व्यक्ति आफसे आफ असल बन्ने छ।

एकदिन एकजना सज्जनले एउटा डालो भरि फलफूल राखेर महर्षि दयानन्दलाई दान दिन ल्याएछ महर्षि दयानन्दले ती फलफूलमध्ये राम्राराम्रा फलफूल एक पोको पारी एकजना मानिसलाई भन्नुभए छ- फलफूलको यो पोको यहाँसम्म आई मलाई कृपा राखी हरेक दिन आशीर्वाद दिएर जानुहुने साधुलाई दिएर आउनु।

त्यस व्यक्तिले भन्यो- स्वामीजी ! त्यो साधुले त तपाईलाई हरेक दिन गालीगर्दै जान्छ होइन र ? महर्षि दयानन्दले भन्नुभयो हो, त्यसैलाई दिएर आउनु।

त्यस सज्जनले बाध्य भएर फलफूलको पोको लिएर त्यस साधु कहाँ गएर भने– साधु बा बा ! यो फलफूल स्वामी दयानन्दले तपाईलाई भनेर पठाउनु भएको।

त्यो साधुले दयानन्दको नाम सुन्ने बित्तिकै भने- अरे, आज एका बिहानै त्यस अलच्छिनाको नाम सुनाउनु आयौ ? कुन्नि आज भोजन प्राप्त हुने हो कि होइन ? जाउ बाहिर यहाँबाट ! मेरो लागि दिएर पठाएको होइन त्यो फलफूल। अरू कसैको लागि दिएर पठाएको होला। म त सधैं उसलाई गाली गरिरहन्छु।

यति सुनिसकेपछि त्यस व्यक्ति सरासर महर्षि दयानन्द समक्ष गई भएको सबै वृतान्त सुनाए। महर्षिले फेरि भन्नुभयो– तिमी फेरि त्यही साधुकहाँ जाऊ। उसलाई भन्ने– यो फलफूल स्वामी दयानन्दले तपाईलाई नै दिएर पठाएको हो। तपाईले सधैं त्यहाँ आई अमृत वर्षाउन आउने भएकोले र पूजापाठ गर्न आउनु भएकोले धेरै ताकत खेर गयो होला यो फलफूलका रस खानुभई शक्ति बढाउनुस् अनि सधैं पूजा पाठ गर्नको लागि कति पनि ताकत कम हुने छैन।

यति कुरा सुनेपछि त्यस साधु कुटीबाट बाहिर आइ स्वामी दयानन्दकहाँ गई पाउ समाति क्षमा माग्न गए। हात जोडेर बिन्ति गर्दै भने– स्वामी महाराज ! मलाई क्षमा गरि दिनुहोस्। मैले त तपाईलाई एक साधारण मानिस सम्झेको थिएँ। तर तपाई त मानिस होइन देवता हुनुहुँदो रहेछ।

यही हो सहनशीलताको चमत्कार जुन व्यक्तिसँग पवित्र सहनशीलता हुन्छ उसको जीवनमा धेरै मीठो रस प्राप्त हुन्छ। जीवन सधैं रमाइलो हुन्छ।

*(आनन्द स्वामीकी बोध कथाबाट)*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास–५

✍ के.श्री धम्मानन्द
अनुवादक- प्रकाश बज्राचार्य

## बोधिसत्व

**बोधिसत्व उनीहरू हुन् जो कि सम्यक सम्बुद्धपद प्राप्त गर्न आत्म-अभ्यास गरिरहन्छन् ।**

थेरवादी बौद्धहरू उनीहरूसंग सम्मत छैन जो निर्वाण प्राप्तिको लागि प्रत्येक व्यक्तिलाई बुद्ध नै हुनुपर्छ भन्ने विश्वास गर्छन् । महायान विचारधारामा केही बुद्धहरूको उल्लेख गरिएका छन् जुन कि पक्कै पनि ऐतिहासिक बुद्धहरू होइनन् । उनीहरू ऐतिहासिक बुद्ध नभएकाले थेरवादीहरूले उनीहरूलाई त्यतिको ध्यान दिंदैनन् । न उनीहरू मोक्षप्राप्तिको लागि बोधिसत्वहरूसँग प्रार्थना गर्दछन् । बोधिसत्वहरूले अरूलाई टार्न सक्छन् भन्ने कुरो उनीहरू विश्वास गर्दैनन् । आफ्नो आत्मशुद्धिद्वारा बुद्धत्व प्राप्त गर्न कोशिश गर्नेहरू नै बोधिसत्वहरू हुन् । जब सम्म बोधिसत्वहरूले बुद्धत्व हासिल गर्दैन, तबसम्म उनीहरूले अरूहरूलाई मुक्तिको साँचो बाटो औंल्याउन सक्दैन । कोही कोही बोधिसत्वहरू निर्वाण प्राप्त नगरिकनै सुखावति भूवनमा कुर्दैछन् ता कि उनीहरूलाई स्तुति गर्नेलाई मद्दत दिन सकोस् भन्ने कथन बुद्धका मौलिक शिक्षासँग अपरिचित नै छ । थेरवादी बौद्धहरू उनीहरूसँग सम्मत छैनन् जो यो विश्वास गर्छन् कि कोही कोही बुद्धहरू तथा बोधिसत्वहरू निर्वाण प्राप्त नगरिकनै आफूखुसी सुखावती भूवनमा रहन्छन् जबसम्म कि हरेक प्राणीले मुक्ति पाउँदैन । जब उनीहरू हरेक प्राणीको कुरा गर्छन्, उनीहरूले यसै ग्रहका प्राणीहरूलाई मात्रै विचार गरेको हुन सक्छ; उनीहरूले यो बिर्से कि बुद्धको अनुसार अरूपनि थुप्रै ग्रहहरू छन् जहाँ कि अन्य प्राणीहरू बस्ने गर्छन् । त्यसैले हरेक प्राणीले निर्वाण प्राप्त नगरेसम्म कुरिराख्नु त आकाशको फल आँखा तरी मर हो । यो कार्य स्पष्टसँगै असम्भव छ कारण जबसम्म जीवहरू अज्ञानता र तृष्णामा चुर्ल्लुम्म डुबिरहन्छन् तबसम्म जीवन चक्र रूक्ने कुरै छैन ।

एक बोधिसत्वलाई बौद्ध नै हुनुपर्दछ भन्ने कुनै जरूरी छैन । आज पनि बौद्धहरूको बिच करूणामयी बोधिसत्वहरू पाउन सकिन्छन् र उनीहरू आफ्ना उत्तम अभिलाषादेखि बेखबर हुन सक्छन्; अन्य धर्महरूमा पनि बोधिसत्वहरू हुन सक्छन् ।

यस बोधिसत्वको विषयले थेरवाद र महायान बिचको मुख्य फरक देखाउँछ ।

## अर्हत्पदको प्राप्ति

**अर्हत भएर निर्वाणप्राप्त गर्नु स्वार्थ होइन ।**

कोहि बौद्धहरू विश्वास गर्छन् कि अर्हत् भएर मुक्तिको तलाश गर्नु एक स्वार्थी विचार हो; त्यसैले उनीहरू यो भन्छन् कि हरेक व्यक्तिले अरूलाई हित गर्नु आफू बुद्ध हुने कोशिश गर्नुपर्छ । यस्तो किसिमको विश्वास बिल्कुलै बुद्ध शिक्षामा आधारित छैन । बुद्धले यो कुरो कहिल्यै भन्नु भएन कि उहाँ संसारका सबै प्राणीलाई मोक्ष दिन चाहनु हुन्छ । आफ्नो सहायता उहाँले उसैलाईमात्रै दिनु भयो जसले उहाँको सम्यक जीवनको विचारलाई श्विकार गर्ने इच्छा गरे बुद्धको मौलिक शिक्षामा अरूलाई मुक्तगर्ने जस्तो कुनै कुरो थिएन । बुद्धले परिचय गराउनु भएको तरिका अनुसार हरेक व्यक्तिले निर्वाण प्राप्तगर्न आफैले दुःख भोग्नु पर्छ, आफूलाई सुधार्न प्रयास गर्नु पर्छ र आफूलाई शुद्धपार्नु पर्छ ।

मोक्ष प्राप्तिको लागि हरेक व्यक्ति बुद्ध नै हुनुपर्दछ भन्ने विचार बुद्धको मौलिक शिक्षामा पाउन सकिंदैन । यो विश्वास त अरूहरुको रोग पनि निको पार्न हरेक व्यक्ति डाक्टरै हुनुपर्छ भन्ने बिचारसंग नमिल्ने होइन । यो सल्लाह त सबभन्दा अव्यहारिक छ । यदि कसैलाई आफ्नो रोग निको पार्नु छ भने कुनै पनि योग्य डाक्टरको सल्लाह लिने उसको हक छ । तर आफ्नो रोग आफै निकोपार्न हरेक व्यक्ति डाक्टर नबनेसम्मको लागि पर्खिराख्न सक्दैन । हो डाक्टर हुन चाहनेहरू पक्कै पनि यसो गर्न सक्छन् । तर पनि उनीहरूमा बुद्धि र साहस हुनुपर्छ, र चिकित्साशास्त्र पढने कुनै माध्यम उनीहरूसँग हुनु पर्दछ । त्यस्तै नै आफ्नो मोक्षप्राप्तिको लागि हरेक व्यक्ति बुद्ध नै हुनुपर्छ भन्ने अनिवार्यता छैन । बुद्ध हुन चाहनेहरूले यसो गर्न सक्छन् । तापनि बुद्धत्व प्राप्तिकोलागि हरेक किसिमका दुःख झेल्ने र आफ्ना सुख सुविधाहरूको तिलाञ्जलि दिने उनीहरूमा साहस र ज्ञान हुनुपर्दछ । त्यसैले अर्हत् भएर निर्वाण लाभगर्नु स्वार्थीपन हो भन्नु वेमतलब छ । बुद्धत्व निर्विवाद रूपले ३ प्रकारका आदर्शहरू (सम्यक सम्बुद्ध, प्रत्येक बुद्ध र अर्हत) मध्ये सर्वश्रेष्ठ र सर्वप्रधान छ । तर यस्तो सबभन्दा उच्च आदर्श प्राप्त गर्न सबैले त सक्दैन । पक्कै पनि सबै वैज्ञानिकहरू आइन्सटेन र न्यूटनहरू त बन्न सक्दैनन् । आफ्नो सामर्थ्य अनुसार संसारलाई सेवा पुऱ्याउने साना वैज्ञाननिकहरू पनि त हुनु पर्दछन् । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# श्रमण नारद–५

✍ श्रीयुत नाथुराम प्रेमी
अनु. प्रकाश वज्राचार्य

डाकुले भन्यो, “यो कुरो सत्य हो, यसमा असत्य केही छैन । अब मलाई तपाईले भन्नु भएको जम्मै कुरा ठिक लाग्न थाल्यो । बुझ्न थाल्यो । आज मेरो जुन दुर्गति भयो त्यो ठिकै भयो । तर भन्ते मेरो दुःखको अन्त कहिले हुन्छ ? मैले धेरै अन्याय र अत्याचार गरिसकें । ती जम्मै कुकर्मको फल जहिले भए पनि अवश्यै भोग्नु पर्नेछ । कृपा गरेर मलाई कुनै यस्तो उपाय भनिदिनुस् जसले गरेर मेरो पापको बोझ हलुङ्गो होओस् । यो पापरूपी बोझले मलाई यत्तिको थिचिराखेको छ कि सासै फेर्न मुश्किल छ ।

भिक्षुले भन्यो, “मित्र, उपाय त सजिलो छ । आफ्नो पापको इच्छा र विचारलाई जरैदेखि उखेलेर फालि देऊ । नराम्रो कल्पना नगर । प्राणीमात्रलाई दया राख्ने अभ्यास गर । आफ्ना दाजुभाई र साथीहरूलाई आफ्नो हृदयमा दयामयी घर बनाई देऊ ।”

यति भनिसके पछि भिक्षुले डाकुको घाउमा पानीले धोएर हरियो पातको रस राखिदियो । डाकु केही बेर शान्त बसी आराम लियो । एकछिन पछि उसले फेरि भन्यो, “भो करूणामय, मैले अहिलेसम्म खराब काम मात्रै गरें, कसैलाई हित हुने काम अहिलेसम्मन् गरेको छैन । म आफ्नो खराब इच्छाको जालमा आफैं यति नराम्रोसँग अल्झिएँ कि त्यो जालबाट फुतकन गाह्रो भो । मलाई मेरो कर्मले नै नरकतिर धकेली राख्यो । अब म मोक्षमार्गमा जान सकुँला भन्ने आशा छैन ।”

भिक्षुले भन्यो, “यसमा कुनै शङ्का छैन कि जस्तो बिउ, रोपिन्छ त्यस्तै फल पाइन्छ । आफूले गरेको कर्मको फल अवश्य भोग्नु पर्दछ । त्यसबाट बच्ने कुनै उपाय छैन । तैपनि उत्साह छाड्नु हुँदैन । तिम्रो मनमा जति जति दुष्टता कम हुँदै जान्छ त्यति त्यति शरीर सम्बन्धी ममत्व पनि कम हुँदै जान्छ, अनि यसको परिणाम यो हुन्छ कि तिम्रो लोभ चेतना नष्ट भएर जानेछ ।


“ध्यान दिएर सुन । म तिमीलाई बोध हुने एउटा कथा भन्छु । यसबाट थाहा पाउने छौ कि आफ्नो हितको लागि अरुको हित गर्नु पर्छ र अरूको हित भए आफ्नो पनि हित हुनेछ ।

“कदन्त भन्ने एक खुँखार डाकु थियो । उसले आफूले गरेको दुष्टकर्मको प्रायश्चित नगरिकनै मऱ्यो । यसले गरेर ऊ नरकमा गएर दुःख भोग्न जानु पऱ्यो । आफूले गरेको कुकर्मको फल अनुसार दुःख भोग्नु पऱ्यो, तर दुःखको अन्त भएन । त्यसै बेला संसारमा भगवान् बुद्ध जन्मनु भयो । यस शुभ अवसरमा उहाँको करूणा रश्मि नरक सम्म पनि पुग्यो । ‘अब त दुःखको अन्त हुन लाग्यो ।’ भन्ने नरकगामीहरूलाई विश्वास भयो । यस रश्मिलाई देखेर कदन्त चिच्यायो, “हे भगवान्, दया गर्नोस्, ममाथि करूणा दृष्टि राख्नुस्, म यहाँ यति दुःख चक्रमा फसेको छु कि बयानै गर्न सक्दिन । यदि म यस दुःखबाट मुक्त भएँ भने म अवश्यै सत्यमार्गमा लाग्नेछु । हे भगवान् मलाई दुःखबाट मुक्त हुन मद्दत गर्नोस्, बाटो देखाई दिनोस् ।

“यो स्वभाव धर्म हो कि खराब काम गर्नेको भलो हुँदैन । पापकर्म नैतिक नियमलाई सुहाउँदैन वा मिल्दैन । त्यसैले कुकर्म गर्नेहरू धेरै टिक्न सक्दैन । उसको अवश्य नाश हुनेछ । तर असल कामले पछिसम्म भलो भैराख्छ अथवा सुकर्म गर्नेको जीवन सधैं राम्रो भइराख्छ । किनकि यो स्वभाव धर्म हो अर्थात् पापकर्मले नाश हुन्छ, पुण्यकर्मले भलो हुन्छ ।

“जसरी एउटा बाजरा भन्ने बिउबाट हजारौं विरूवा उम्रन्छ र पछि पनि असंख्य विरूवाहरू उम्रिराख्छन् त्यसरी नै अलिकति असल कामले पनि हजारौं सुकर्म उत्पन्न हुन्छन् । यसरी परम्परा बस्दै गए पछि संधै असल काम मात्रै देखा पर्नेछ । यस्ता सुकर्मले गर्दा जन्म जन्मान्तरसम्म दृढता प्राप्त हुनेछ । अनि अन्त्यमा बुद्ध भई निर्वाण प्राप्त गर्नेछ ।

“कदन्तको विलाप सुनेर करूणाको सागर बुद्धले भन्नुभयो, “के तिमीले कुनै प्राणीप्रति अलिकति भए पनि दया गरेका छौ ? जब तिमीमा चाँडै करूणा उत्पन्न हुनेछ अनि तिमीले दुःखबाट मुक्त हुने प्रयत्न गर्नेछौ । तर जबसम्म तिम्रो मनमा रहेको घमण्ड,क्रोध छलकपट, इर्ष्या र लोभ नष्ट हुँदैन, त्यतिबेला सम्म तिमी सम्पूर्ण दुःखबाट मुक्त हुन सक्दैनौं ।



*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# जीवन एक नासो मात्र हो

✍ नरेन्द्रनाथ भट्टराई

नासोको रूपमा रहेको यो क्षणिक जीवनलाई म र मेरै हो भन्ने गलत धारणा लिएकोले नै मानिसले दुःख बेसाउनु परेको हो । आफ्नो जीवन उपर चिन्तन गर्ने हो भने स्पष्ट हुन्छ कि नत हाम्रो इच्छामा जन्म भएको हो, नत मृत्यु नै हाम्रो इच्छामा हुन्छ । जीवन र मरणको बीचको पलभरको समयमा कत्ति न आफ्नै इच्छामा आफू जन्मेको र आफू अमर हुँ तथा शरीर नै आफू हुँ तथा सन्तान सम्पत्ति मेरा हुन् भन्ठानी नाना कुकृत्य समेत गर्न उद्यत हुन्छन् यी मानिस । आफू, आफू नै आफ्नो छैन र होइन भने झन् सन्तान धन सम्पत्ति कसरी आफ्नो होला ? जीवन केवल एक नासोको रूपमा आएको हो भन्ने बुझी यो नासोलाई सकेसम्म हिफाजतसाथ राखेर नासोको मालिक लिन आएका बेलामा जस्ताको तस्तै दिन सक्नु नै सफल जीवन हो, सार्थक जीवन हो ।

धार्मिक प्रवृत्ति भएका कुनै पति पत्नी एक गाउँको छेउमा झुपडीमा बसेर आनन्दसंग जीवनयापन गरिरहेका थिए । गरीब भएपनि ती दुःखी थिएनन्, जे जस्तो पाउँथे त्यसैमा तृप्त हुन्थे । सुख–दुःख घाम-पानी, धूप सर्दी, सबै भगवान्‌को कृपा सम्झेर सदा भगवानप्रति अहोभाव प्रकट गर्दथे । तिनीहरूका दुई जुम्ल्याहा छोराहरू थिए । तिनीलाई बाबुले साथैमा राखेर खाने, ख्वाउने गर्दथे । एकदिन बाबुचाहिं दिउँसो काममा गएका बखत ती दुवै छोराहरू खेल्न गएका गाउँमा घर भत्केर पुरिएर मरे । आमाचाहिंले थाहा पाइन् । छोराहरूको लाश घरमा ल्याएर छोपेर राखिन् । यो पनि भगवान्‌कै मर्जी भन्ठानेर चित्त बुझाएर शान्त भएर पतिलाई कुरेर बसिरहिन् । साँझ बाबु आएर "छोराहरू ख्वै, खाना खाने बेला हुन लाग्यो ?" भने छोरहरूलाई ज्यादै माया गर्ने हुँदा छोराहरूको मृत्युको खबरले आघात पर्ला भन्ठानी पत्नीले छोराहरू उता कोठामा छन् भनिन् । पति खाटमा बसिसकेपछि "मलाई एउटा कुरा सोध्न मन लागिरहेछ सोधुं है ?"भनी पत्नीले भनिन् । पतिले "के हो सोध्न भनेर पत्नीले सोधिन् "यदि केही वर्ष अघि हामीलाई कसैले केही नासो राख्न दिएको थियो र अहिले त्यो नासो आएर उसले लग्यो भने नासो राख्ने मानिसले दुःख मान्नु ठीक होकि होइन ?" पतिले हाँस्दै भने "जुन कुरा नै आफ्नो होइन अर्काको नासो हो त्यो नासो नासोको धनी आएर लैजान्छ भने त्यस्तो कुरामा दुःखित हुनु त मूर्खता मात्र हो । किन केको सिलसिलामा तिमीले यो प्रश्न सोधेकी ? भनी पतिले भन्दा पत्नी भन्छिन्, "हाम्रा घरमा दश वर्ष अगाडि कसैले दुइवटा रत्न नासो राख्न दिएका थिए । हामीले ती रत्नलाई बहुत सुरक्षासाथ राखिदियौं, आज अचानक ती रत्नका मालिक आए रत्न लिएर गए" भनी आफ्ना मृतक दुई छोरालाई देखाइदिइन् । त्यो देख्दा पतिले मीठो स्वरमा भने, "स्याबास् ! धन्य तिम्रो समझ, धन्य तिम्रो ज्ञान । शायद तिमीले यति कुरा नभनीकन सोझै कुरा भनेकी भए मलाई एकपटक त जरूरै चोट पर्ने थियो होला, तिमीले सत्य कुरा गऱ्यौ । साँच्चिकै हो नि १० वर्ष अगाडिसम्म यी को थिए । कहाँ थिए, थाहा छैन । अचानक बीचमा कहाँ गए ? केही थाहा छैन । परमात्माले, दियो, परमात्माले लग्यो । सब उसैको खटन ।" यति भनी कत्ति पनि दुःखित नभै, विचलित नभै मृतकहरूको दाह-संस्कार गरेर आए ।

अब हामीले आफू कत्तिको ज्ञानी र अज्ञानी रहेछौं भन्ने कुरा पनि जीवनको क्रममा आइपर्ने यस्ता घटनाक्रमबाट थाहा पाइन्छ । बोलेर, लेखेर, पढेर मात्र हुँदैन ।

"जो मानिस आफ्नो स्थानमै रहेर आफूले गर्नुपर्ने काम (कर्तव्य कर्म) इमान्दारीपूर्वक गर्दछ, त्यही मानिस सच्चा धार्मिक हुन्छ । यस्ता मानिसले अरू कुनै प्रकारको धर्मकर्म गर्नु पर्दैन ।

*साभार– परमात्माको दर्शन चिन्तनद्वारा*

**धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरु**

क्र.सं. ६७९
**देवकुमार शाक्य**
चागल वडा नं. ४, काठमाडौं
रु. १०२०/–

क्र.सं. ६८०
**मङ्गल मानन्धर**
वाफल, सलफाँट
रु. १००५/–

क्र.सं. ६८१
**कल्पना हलुवाई**
कलंकी, स्युचाटार गा.वि.स.-४
रु. १००५/–

क्र.सं. ६८२
**लक्ष्मी महर्जन**
कालधारा, काठमाडौं
रु. १०१०

क्र.सं. ६८३
**मैत्रीकेन्द्र बाल आश्रम**
ध्यानकेन्द्र, बनेपा
रु. ११११/–



Downloaded from http://www.dhamma.digital

# बुद्ध दर्शनको सान्दर्भिकता

✍ नेत्र आचार्य

बुद्ध जन्मेको पच्चीस सय पचपन्नऔं वर्षमा संसार भरि उनलाई सम्भिmइँदै छ। उनलाई सम्भिmनु भनेको उनका उपदेशबाट प्राप्त चेतनाको बोध र शान्तिको मार्गलाई सम्भिmनु हो। बुद्धका तस्वीरमा फूल चढाएर, उपदेश सम्भmेर वा ध्यानमा बसेर हामीले उनको वन्दना गर्दैछौं। उनको तस्वीर, उपदेश वा ध्यान शान्तिका प्रतीक भएका छन्। उनको आकृतिमा फूल चढाउँदा अष्टांग मार्ग अनुशिलन गर्दा वा ध्यानमा बस्दा विचारहरूको कोलाहल पात्लिन्छ। मन शान्त हुनथाल्छ। एउटा व्यक्ति शान्त हुनु पनि अशान्त समाजको लागि उपलब्धि हो। यसैकारण बुद्धका विचार र मार्गदर्शन झन् सान्दर्भिक हुँदैछन्।

आधुनिक समयमा भौतिक वस्तुमा सुखको खोजीलाई मानिसले उत्कर्षमा पुऱ्याए पनि सुख, शान्ति, स्थिरताको साटो दुःख, अशान्ति र अस्थिरता बढ्दैछ। मौसम परिवर्तन, युद्ध आदिले आर्थिक मन्दी र खाद्यान्न अभाव बढ्दै गएको छ। गरिब अत्यावश्यक वस्तुको अभावमा छट्पटिएका छन्, धनी सुखशान्तिको अभावमा बेचैन छन्। शासक र शासित, धनी र गरिबबीच कुनै सम्बन्ध-सेतु देखिँदैन। यसमा जति खाडल बढ्दै जान्छ उति असमझदारी र अशान्ति बढ्छ। समाजको अशान्तिबाट व्यक्ति अछुतो रहन सक्दैन। बुद्धले कलिलै उमेरमा समाजको यस्तै असहज अवस्था देखेका थिए।

दरबारमा जन्मेका बुद्धलाई सुख, शान्ति र आनन्दका लागि आर्थिक समृद्धिमात्र पर्याप्त हुँदोरहेनछ भन्ने ज्ञान भयो। अनि दरबारको सुख त्यागेर शान्तिको खोजीमा निस्के बुद्धलाई शुद्ध चेतना साक्षात्कार गर्दा परम शान्ति र अक्षय आनन्द पाउन सकिँदोरहेछ भन्ने बोध' भयो। शान्ति एक्लैले अनुभूति गर्ने कुरा होइन, अपितु व्यक्ति, समाज र प्रकृतिको सहअस्तित्वमा प्रस्फुटित हुने अवस्था हो भन्ने पनि बुद्धलाई बोध भयो। ज्ञानलाई व्यवहारमा उतार्न उनले आफूले अनुभूति गरेका आर्य सत्य र मार्गहरूको शिक्षा थाले। पञ्चशीलको उद्घोष गरे, जसमा प्राणी हिंसा नगर्नु पहिलो शील हो। हिंसा वर्तमान समाजमा अशान्तिको एउटा मुख्य कारण बनेको छ। बुद्धले कुनै देवदेवीको कृपाबाट होइन, आफ्नै अनवरत प्रयत्नले बोधको अनुभूति गरेका थिए। लौकिक समस्या समाधानका लागि अलौकिक शक्तिको आशिर्वाद काम लाग्दैन भन्ने उनले सोचे। आफ्नो र समाजको समस्याको निकास लौकिकस्तरमा खोज्नु तर्कसंगत कुरा हो।

बुद्ध दर्शनअनुसार अनित्य, दुःख र अनात्माको बोधसँगै शान्ति, प्रज्ञा र करुणाको अविर्भाव हुन्छ। व्यक्ति, घटना, परिस्थिति लगायत सबै कुरा अनित्य अर्थात् परिवर्तनशील छन्। व्यक्ति वा परिस्थिति हामीले चाहेजस्तो चिरस्थायी नहुँदा हामी दुःखी हुन्छौं। दुःख मनलाई अनुभूति हुने हो, चेतनालाई दुःखले छुँदैन। चेतनाको बृहत्तर दृष्टिले त दुःखमा पनि सुख देख्छ र सुखमा पनि दुःख देख्छ। चेतना सुखःदुःखको भुलभूलैयामा फस्दैन। यो त सदासर्वदा सर्वव्यापी, शान्त र आनन्दमग्न रहन्छ। आफ्नो साक्षी स्वभावका कारण चेतना सर्वदा शुद्ध, बुद्ध र मुक्त रहन्छ। ध्यानमा बस्दा मन पूर्णतया मौन भएपछि चेतनाको आकाश खुल्न थाल्छ। तटस्थ र साक्षी स्वभावको शुद्ध चैतन्यको झलक पाउनु नै बोध हो। बुद्ध दर्शनको सारमा यही बोधको अनुगुञ्जन छ। बुद्ध दर्शन सरल र सर्वसुलभ छ। हरेक व्यक्तिले आफ्नै प्रयोगद्वारा बुद्धका वचनहरूको वस्तुपरक, सत्य वा प्रामाणिक ज्ञान पाउन सक्छ। बुद्ध दर्शनमा लाग्नसक्दा उपभोक्तावादी संस्कृतिका कारण समाजमा देखिएको आपसी प्रतिस्पर्धा परोपकारमा रूपान्तरित हुनसक्छ। रोगी, द्वेषयुक्त र लोभी मानसिकता क्रमशः मैत्री, सेवा र सद्भावको उदात्त भावनाबाट प्रेरित हुनथाल्छ।

समाजमा उपभोक्तावादी संस्कृतिको प्रभाव बढ्दै जानाले सबै सिद्धान्त र वादको मृत्यु भइसकेजस्तो लाग्छ। मानिसले आधिकाधिक अर्थोपार्जन र विलासी वस्तुहरूको उपभोगलाई नै सफलताको, सन्तुष्टिको मापदण्ड मान्नथालेका छन्। यिनै कारणले व्यक्तिमा मानसिक विक्षिप्तता पैदा हुँदै गएको अनुमान गर्न सकिन्छ। बौद्ध दर्शनअनुसार बेचैनी, अस्थिरता, चिन्ता, तनाव र विक्षिप्तताको मुख्य कारण स्वयम् र जगतका बारेका यथाभूत ज्ञान नहुनु नै हो।

सफलता र सन्तुष्टिको स्रोत भौतिक वस्तुहरूको संकलन र उपभोगमा मात्र होइन, बन्धुत्व, मेलमिलाप र पारस्परिक सहयोगमा निर्भर गर्छ। यो तथ्य विस्मृतिको गर्भमा पुगिसकेको छ। पैसाका लागि जे पनि गर्ने र जति पनि तनाव सहने बानी मानिसमा विकसित भएको छ। कुसंस्कारका बाक्ला आवरणहरू उठेका छन् र तिनले सहअस्तित्वको गरिमालाई बिर्साइदिएको छ। व्यक्तिको संवे



Downloaded from http://www.dhamma.digital

दनशीलतामा खिया परेको छ । व्यक्ति झन्-झन् बहिर्मुखी बन्दै गएको छ । व्यक्ति स्वयम्लाई भुल्नथालेको छ र सूचनाबाट सञ्चालित हुनथालेको छ । व्यक्ति होशमा कम र मूर्च्छामा, बेहोशीमा ज्यादा बाँच्न थालेको छ । बुद्धले बताएको विपश्यना ध्यान व्यक्तिलाई होशमा ल्याउने र वर्तमानमा बाँच्न सिकाउने विधि हो ।

बुद्ध भन्छन्, हाम्रो चित्तको स्वभाव शान्त रहनु हो । स्वास्थ्य धन हो, शान्ति आनन्द हो । मानसिक तनाव एवं आफू र पराई भन्ने भेद बुद्धिले हामीलाई सधैं अस्वस्थ बनाइराखेका हुन्छन् । यी आगन्तुक दोषले हाम्रो शान्त चित्त अस्थिर भएको छ । ध्यानको अभ्यासका क्रममा व्यक्तिलाई शुद्ध चेतनाको बोध हुनसक्छ । यसले व्यक्तिमा रूपान्तरण हुनसक्छ । व्यक्ति अन्तरमुखी हुनथाल्छ र आफैंलाई दु:ख दिइरहेका तनाव र भेद बुद्धिलाई तटस्थतापूर्वक अवलोकन गर्न सक्छ । विस्तारै चित्तका सबै अस्थिरता नष्ट हुन्छन् र कल्याणको अविर्भाव हुन्छ । यही साक्षीभाव र अवलोकनद्वारा परम् शान्ति, आनन्द र निर्वाणको साक्षात्कार गर्न सकिन्छ । केवल प्रज्ञाद्वारा निर्वाणको साक्षात्कार गर्न सकिन्छ र प्रज्ञाको आलोक शान्त चित्तमा मात्र प्रादुर्भाव हुनसक्छ । बुद्धले चित्तलाई शान्त तुल्याउन ध्यानको अभ्यास गरेपछि उनको चित्तमा प्रज्ञा जागृत भयो र प्रज्ञाद्वारा अनित्य दु:ख र अनात्माको बोध साक्षात्कार गरे । यही साक्षात्कारलाई शून्यता वा निर्वाण भनिन्छ । त्यसपछि बुद्धको मनमा दु:खको भुमरीमा परेका मानिसहरूप्रति महाकरूणा पलायो र उनले चार आर्य, सत्य, पञ्चशील, अष्टांगिक मार्गको उपदेश दिनथाले ।

बुद्ध दर्शनमा मनको अस्थिर स्वभावलाई विश्लेषण गर्दै यसलाई स्थिर राख्न विभिन्न विधि र पद्धतिको सिंहावलोकन गरिएको छ । दौडिरहने अस्थिर मनलाई एकाग्र र शुद्ध बनाउन पालना गरिनुपर्ने निश्चित नियमहरू छन् । मनलाई एकाग्र र शान्त बनाउन ध्यानको अभ्यासका साथसाथै प्रज्ञाको भूमिका हुन्छ । प्रज्ञा तीन प्रकारका हुन्छन् : सुनेर जानिने । बुद्ध दर्शनमा अनुभूतिमार्फत जानिएको ज्ञानलाई वास्तविक प्रज्ञा भनिन्छ । यही प्रज्ञाद्वारा शुद्ध चैतन्य बोध हुनसक्छ । प्रयोग र स्वानुभुतिबाट वास्तवविकतासम्म पुग्न सिकाउनु नै बुद्ध ज्ञानको वैज्ञानिक पक्ष हो बुद्धका उपदेश दार्शनिकभन्दा अधिक व्यावहारिक महत्त्वका छन् । यही गरिमा र सौन्दर्यले आजसम्म मानिसलाई शान्तिको मार्गदर्शन गरिरहेको छ । ❖

- लेखक आचार्य नेपाल संस्कृत विश्वविद्यालयका आचार्य हुन् ।

*(सभार- कान्तिपुर दैनिक)*

# धम्मपद – २४०

✍ **प्राज्ञ रीना तुलाधर (बनिया)**

*'परियत्ति सद्धम्म कोविद'*

**यो निब्बनथो वनाधिमुत्तो, वनमुत्तो वनमे व धावति**
**तं पुग्गलमे व पस्सथ, मुत्तो बन्धनमे व धावति**

अर्थ– निर्वाणको इच्छा गरी जंगल समानको घर त्यागी फेरी घरमै फर्की बास गर्न आउने व्यक्ति बन्धनबाट छुटी पुन: बन्धनतिरै फर्केको जस्तै हुन्छ ।

घटना– उपरोक्त गाथा भगवान बुद्धले वेणुवन विहार मा बस्नु हुँदा एउटा चीवर छोडेर गृहस्थी भावमा गएका भिक्षुको कारणमा भन्नु भएको थियो । उक्त भिक्षु महाकाश्यप तथागतको पालाको भिक्षु थियो ।

महाकाश्यप तथागतको एउटा शिष्य भिक्षुले चतुर्थ ध्यानसम्म लाभ गरिसकेको थियो । तर एक दिन ऊनी आफ्नो मामाको घरमा भिक्षाटन जाँदा एउटी स्त्रीलाई देखी आशक्त भई भिक्षु भाव त्यागी गृहस्थ हुन गए । गृहस्थ हुँदा काम गर्न अल्सी भएकोले उसलाई मामाको घरबाट निकालेर पठाईदियो । त्यसपछि उसको संगत चोरहरूसँग भएर चोरी गर्न थाले । एकदिन उनी पुलिसको हातमा पऱ्यो र उनीलाई कोर्डाले पिट्दै मसानतिर सजाँयाको लागि लगियो । काश्यप तथागतले भिक्षाटन जानु हुँदा आफ्नो शिष्य भएर गएका भिक्षुको यो हालत देख्नु भयो ।

तथागतले एकदिन तिनीहरूलाई रोक्न दिई भन्नु भयो– "हे शिष्य तिमीले जुन चतुर्थ ध्यानसम्म लाभ गरी सकेका थियौं त्यसको स्मरण गर । "

तब उसले ध्यानका स्मरण गरेर न ध्यान लाभ गरे मसान घाटमा उसलाई शूलीमा चढाई मार्न तयारी गरीरहँदा पनि उनी रत्तिभर डराएन, आत्तेन ! मानिसहरू त्यसलाई देखेर छक्क परे र सो कुरा महाराजाकहाँ गएर उजूर गर्न गए । महाराजले पनि गएर सोही कुरा तथागतकहाँ सुनाउन गए । तथागतले सो कुरा सुन्नुभएपछि आफ्नो शरीरबाट रश्मी किजाउनु भई सो चोर भएका व्यक्ति सम्म पुग्ने गरी उपरोक्त गाथा भन्नुभयो ।

तथागतबाट उपरोक्त गाथा सुन्दासुन्दै उसले उत्पत्ति र विनाश लक्षणमा ध्यान गर्दै स्रोतापत्ति फलमा प्रतिष्ठित भए । ध्यानको बलले उनी तथागतकहाँ पनि पुगी पछिबाट पुन: भिक्षु संघमा प्रवेश गरी अरहत्व लाभ गरे । ❖



Downloaded from http://www.dhamma.digital

# गथे जुइ पापया फल ?

✍ धम्मवती गुरुमां
*प्रस्तुती*- **सुनिता मानन्धर**

**पापं चे पुरिसो कयिरा–न तं कयिरा पुनप्पुनं**
**न तम्हि छन्दं कयिराथ दुक्खो पापस्सं उच्चयो**

अर्थात्: मनुखं छक: पाप यात हे धा:सां हाकनं हाकनं याये मजिउ । पापया इच्छा बढे याये मजिउ । पाप मुन धा:सा दु: खया कारण जुइ ।

च्वय् न्ह्यथनागु गाथा धम्मपदया पाप वर्गया गाथा ख: । थुकी पाप दु:खया कारण ख: धइगु खँ न्ह्यथनात:गु दु । पाप कर्मं गबलें सुयातं त्व:ती मखु । कल्पं कल्प ई फूसां थम्हं यानागु पापया विपाक थ:त अवश्य लाइ धइगु खंयात बौद्ध साहित्यय् न्ह्थनात:गु खँयात छक: उला स्वये ।

भविष्यय् बुद्ध जुइम्हेसित बोधिसत्व धाई । थय्क बिचा: याना स्वयेगु ख:सा बोधिसत्वं गबलें हे पाप कर्म याइ मखु अथवा बोधिसत्वं पाप कर्म यात हे धा:सां उकिया बांमला:गु लिच्व लाइ मखु ला धया थें च्वनेफु । तर बौद्ध साहित्यय् बोधिसत्व-यात छम्ह साधारण मनू सरह कयात:गु दु । बोधिसत्वं नं इलय ब्यलय् मखुगु मजिउगु ज्या या:गु खँ जातकय् न्हयथनात:गु दु । थुकथं या:गु मभिंगु, मखुगु ज्याया लिच्व: बोधिसत्वं बुद्धत्व प्राप्त याये धुंका: तक नं ला:गु क्यनात:गु दु । थुकिया दसु थुकथं कायेफु : सब्वाभिभू तथागतया पालय् बोधिसत्व छम्ह अय्ला: गुलु, छुल्याहा व दुराचारी जुया: जन्म जुल । उगु इलय् अरहन्त जुयाबिज्या:म्ह नन्द स्थविर भिक्षाटन यानाच्वंगु इलय् बोधिसत्वं असत्य ल्हात । वं नन्द स्थविरयात य:य.थे आरोप यात । थुगु अकुशल कर्मं याना: बोधिसत्वं सलंस:दँ तक नरक भोग याये माल । थुलिं नं कर्म भोग सिमधया बुद्धत्व प्राप्त यायेधुंका: तक तीर्थङ्कराचार्यतय् चेली चिञ्च मानविकां वसपोलयात मखुगु खँ ल्हाना: बेइज्जत यात । थुकथं असत्य कर्मया फल न्ह्याम्हेसितं अशुभ हे जुइ धइगु खँ थुगु घटनां क्यं ।

अथे हे गौतम बुद्धया अग्रश्रावक मोदगल्यायनया खँ नं न्हयथनेबह:जू छगू जन्मय् मोद्गल्यायन छम्ह गृहस्थ जुया: जन्म जुल । व मां-बौया याक:काय् अतिकं इमान्दार व सोझा । तर लिपा ब्याहा यायेधुंका: कला:या खँ न्यना: मां-बौयात जंगलय् वाये यंकल । जंगलय् थ: हे डाकु जुया:मां-बौया हत्या यात । थुकथं मिखां मखंपि मां-बौया हत्या या:गु पञ्च महापापया कारणं याना: बुद्धया अग्रश्रावक जुइधुंका: तक नं तिर्थीयतसें मनूतय्त ध्यबा बिया: वसपोलयात स्यायेगु ग्वसा: ग्वल । इमिसं थ:त स्या:व:गु थ:गु कर्मया हे भोग ख: धका थुइका: वसपोल अन हे च्वनाबिज्यात । इमिसं वसपोलयात स्यानाबिल । थुकथं बुद्धया छम्ह अग्रश्रावक जुया: नं थम्हं यानागु पाप कर्मया भोग याये माल ।

अथे हे बुद्धया उपस्थापक आनन्द स्थविरं यानाबिज्या:गु पाप कर्म व उकिं जूगु दु:खया खँ न्ह्यथने । न्हापा आनन्द स्थविर राजगृहया महाजनया काय् जुया: जन्म जुल । धनसम्पत्ति यक्व दुगुलिं तसकं अभिमानी जुयाच्वन । वं सदां मेपिंत दु:ख बीगु व कत:या म्ह्यायमस्तय् व्यभिचार याइगु जुयाच्वन । थुकिया कारणं याना: मरण लिपा नरक भोग यायेमाल ।

बौद्ध साहित्य अध्ययन याइपिं जुइमा वा मेपिं सुं जुइमा अंगुलीमालया बारे मसिउपिं म्हो हे जक जुइ । सकसितं स्याना: बुढापतिंया मा: क्वखाया जुइम्ह अंगुलिमाल बुद्धया शरणय् वना: अरहत जूगु ख: अरहत जुइ धुंका: तक नं न्हापा वं गुगु मनू स्याना: पाप कर्म या:गु ख: थुकिया विपाक कथं भिक्षाटन बिज्या:गु इलय् गांयापिंस अप्पां कयेका: छयं तछ्याना बिल ।

थुकंथ हे न्हापाया जन्मय् तिस्स ब्याधां झंग: पछि लाना: स्याइगु जुयाच्वन । गबले यक्व झंग:पंक्षी ला:सा इपिं ब्वये मफयेक पपू चाना तइगु जुयाच्वन । थ्व हे पाप कर्मया विपाकं याना: बुद्धया पालय् पुतिगत्ततिस्स थेर भिक्षु जुया: नं ल्वचं कयेका च्वनेमाल । वसपोलया म्ह छम्हं कै या कै वया: म्हय् वातावाता न्हि दाया: ला हे कुचा कुचा दयेका च्वनेमाल ।

झी धायेगु नापं चलन दुं, छु पित व हे सई उकिं पाप कर्म यायेगु धयागु विपाक भोग यायेगु ख: । यदि सुनां नं पाप कर्म यात धा:सा उकिया विपाकं वयात लित्तुलिनाच्वनी । बुद्धं धयाबिज्यागु दु–

**माप्पमञ्ञे पापस्स – न मन्तं आगमिस्सति**
**उदविंदु निपातेन – उदकुम्भो पि पूरति**



Downloaded from http://www.dhamma.digital

**पूरति बालो पापस्स – थोक थोकम्पि आचिनं**

भचा पाप याना: छु जुइ धका: बिचा: याये मते। फुति फुति मुना: ल:या घ: जाइ थें मूर्खजनं भचा भचा याना: पाप मुनी।

थम्हं यानागु पापया फल न्ह्याथे चा:हिला: जूसां थ:त हे लाइ धइगु खँ नं बौद्ध साहित्यय् न्हयथनातग:गु दु। श्रावस्ती अनाथपिण्डिकया नन्द धा:म्ह धनी गोपालं बुद्धयात भोजन निमन्त्रणा यात। उपदेश क्वचायेका: बुद्धयात तापाक्क तक त:वल। बुद्धं म्वाल लिहाँ हुँ धायेवं अनं लिहां वंम्हेसित लँय् हे छम्ह व्याधां वाणं कयेका: स्याना बिल। अले मेपिं भिक्षुपिसं यदि बुद्धया लिउलिउ मंव:गु जूसा वया ज्यान मवनीगु जुइ धाल। थ्व खँ न्यना: बुद्धं धयाबिज्यात, 'जि अन वंसा,मवंसा अथवा व मेथाय् न्हयाथाय् हे वंसां वया प्राण बचे जुइ मखु।' थुगु घटनां छु थुइके फु धा:सा यदि थम्हं यानागु कर्म थ:गु प्राण वनीगु जूसा न्ह्याथे याना: न्ह्याथाय् जूसां व हे वइ।

अथे हे न्यन्यादँ तक फा स्याना: मीगु ज्या याइम्ह चुन्दसुकरियात ल्वचंकल। प्राणी हत्या या:गुलिं म्वा:म्वाकं हे अवीचि महानरकया ताप थें अनुभव यायेमाल। फा थें हाला: उखेंथुखें ब्वाँय् जुइगु यात। वया सलं ज:ख: च्वनीपिं ग्यने तकं मफुत। थुकथं कर्म विपाकं सुयातं त्व:ती मखु। उकिं बुद्धं धयाबिज्या:गु दु- 'पापी मनूयात इहलोक र परलोक निगुलिं लोकय् शोक सन्ताप जुइ। थम्हं यानागु खराब ज्या खना: थ: हे दु:खी व पीडित जुइ।

थुकथं सास्ता बुद्धयात तकं मत्व:तूगु पाप कर्मया विपाकं मेपिंत गथे त्व:ती ? पाप कर्म या:पि सकलें पापी हे जुइ। गबले नं पाप कर्म त:धं चीधं, त:मि, चीमि, थजा: क्वजा: धाइ मखु। उकिं पाप कर्म सुनां नं याये मजिउ। खंक वा मखंक न्ह्याथें जा:गु पापकर्म या:सां थुकी विपाक हे भोग यायेमाली। थुकियात क्वय् न्हयथनात:गु गाथां नं यचुका बिउ।

**पापो पि पस्सति भद्रं – याव पापं न पच्चति**
**यदा च पच्चति पापं अथ पापो पापानि पस्सति**

पापया फल मव: तले पापी पाप या:गु वेश हे तायेकी। पापया फल वलकि जक वयात पापया पूवंक परिचय जुइ ।❖

*(साभार- सन्ध्या टाइम्स, २०६८ जेष्ठ ३ मङ्गलवार)*

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

| | | |
|---|---|---|
| १) सुरेश शाक्य, बुद्धनगर, नयाँ बानेश्वर | – | रु. ४,२००/– |
| २) भिक्षु सरणंकर, भिक्षु पियदस्सि, दाता पुच:, बलम्बु उपसम्पदा दिवसको उपलक्ष्यमा वार्षिकभोजनको लागि | – | रु. १५,०००/– |
| ३) उर्मिला शाक्य सपरिवार, ताहाचल आफ्नो जन्मदिनको उपलक्ष्यमा बालिकाहरूलाई वार्षिक भोजनको लागि | – | रु. १५,०००/– |
| ४) हिरादेवी मानन्धर सपरिवार, लाजिम्पाटबाट भन्तेहरू तथा बालिकाहरूलाई भोजन र स्व. माता लक्ष्मीदेवी मानन्धरको पुण्यस्मृतिमा बालिकाहरूलाई वार्षिक भोजनको लागि | – | रु. १५,०००/– |
| ५) मितेरी छात्रवृत्ति कोष, बनेपा | – | रु. १७००/– |
| ६) Ms. Eugenie, Netherland | – | Rs. 2,100/– |
| ७) Quest Volunteer Travels & Tours (P) Ltd., Khusibun, Nayabazar | – | Rs. 10,000/– |
| ८) भिक्षु राहुल, ध्यानकुटी, बनेपा, दिवंगत बुद्धनगर कंसाकारको पुण्यस्मृतिमा | – | रु. ११११/– |
| ९) नीलदास रञ्जित, बाफल | – | रु. १०००/– |
| १०) गुह्यहर्ष तुलाधर, असन, भोटाहिटी | – | रु. ५००/– |
| ११) केशचन्द्र शाक्य, बनेपा | – | रु. ३००/– |
| १२) रीता, कालिमाटीबाट १३ जना बालिकाहरूलाई कुर्ता लुगा प्रदान। | | |



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

*२०६८ वैशाख १० गते, शनिवार*

**विषय– मिलिन्द प्रश्न**

*प्रवचिका- भिक्षुणी धम्मवती गुरूमां*
*प्रस्तुति- मिनरबती तुलाधर*

यस दिन भिक्षुणी धम्मवती गुरुमांले मिलिन्द प्रश्नको विषयमा प्रवचन दिनु भएको थियो। उहाँले भनुभयो।

भगवान बुद्धले यस्तो भनुभएको थियो- हामीले जानेर झुठो बोल्दा पाराजिका (दोष) लाग्छ। त्यस्तै जानी, बुझीकन अपराध गरेर अर्को भिक्षुसंग क्षेमा मागेर दोष स्वीकार गर्दा लघु आपति (कमदोष) हुन्छ।

भगवान बुद्धले भिक्षुहरूलाई यस्तो भन्नु भएको थियो। आत्महत्या गर्नु हुँदैन। जस्ले गर्छ उसलाई विनय अनुशार दोषी ठहराइन्छ। भगवान बुद्धले उपदेश दिन्दा भन्नुहुन्थ्यो संसारमा बारम्बार जन्म लिनु पर्दा सवभन्दा ठूलो दुःख हुन्छन्। जन्म र मरणबाट मुक्त हुनु नै यथार्थ सुख हो।

मैत्री भावना अभ्यास गर्नाले (११) वटा फल हुन्छन्। (१) सुखपूर्वक सुत्न पाउँछ (२) सुखपुर्वक निदाएर उठ्छ (३) नराम्रो सपना देख्दैन (४) मानिसहरूले मन पराउँछ (५) अमनुष्यहरूले मन पराउँछ (६) देवताहरूले रक्षा गर्छन् (७) आगो, विष, शस्त्रबाट हानी हुँदैन (८) समाधि बलियो हुन्छ (९) अनुहार प्रसन्न हुन्छ (१०) होश पूर्वक मृत्यु हुन्छ। (११) ब्रह्मलोकमा जन्म हुन्छ।

पुण्य र पापको फल भिन्दा भिन्दै हुन्छन्। पुण्यवानहरूले पुण्य गरेर सुगति स्वर्गमा जन्म लिन्छन् भने पापीहरूले पाप गरेर दुर्गतीमा पुग्छन्। पुण्यको फलले उच्च कुलिनमा जन्म लिई र धनसम्पत्ति पूर्ण हुन्छन्। पापको फलले नीच कुलिनमा जन्म लिई दुःखी दरिद्र हुन्छन्। त्यसैले पाप र पुण्यको फल कहिले पनि समान हुँदैन।

**अंगुत्तर निकाय (दुक निपात)**

*२०६८ वैशाख २४ गते, शनिवार*

यस दिन श्री मदन रत्न मानन्धर ज्यूले अंगुत्तर निकाय दुक निपात अन्तर्गत प्रथम पण्णासकको १९ औं र २० औं सूत्रमा उल्लेख भएको विषयमा विस्तृत रूपमा बताउनु भयो।

१९ औं सूत्रमा भगवान बुद्धले पृथक जनहरू प्रति करूणा राखी निम्न कुराहरू भन्नु भएको छ।

१. अकुशल कर्मलाई छोड्न सकिन्छ, त्यसैले छोड।
२. कुशल कर्मलाई अभ्यास गर्न सकिन्छ, त्यसैले अभ्यास गर।

यी दुई विषयहरूमा छलफल भयो। छलफलको क्रममा बाध्यताले गर्दा माथिका कुशल र अकुशल कर्म अभ्यास गर्न गाऱ्हो छ भन्ने कुरा भयो। अन्तमा अभ्यास गर्ने कुरा भयो। अन्तमा अभ्यास गर्न सकिन्छ भन्ने निष्कर्षमा पुग्यो।

२० औं सूत्रमा सद्धर्म लोप भएर जाने दुईवटा कारणहरू बारे प्रकाश पारिएको छ।

१. पद व्यञ्जनको बेठीक प्रयोग,
२. अर्थको अनर्थ प्रयोग।

प्रवचक श्री मानन्धरज्यूले यी दुई विषयहरूलाई उदाहरण दिई प्रष्ट पार्नु भयो। सद्धर्मलाई लोप हुनबाट बचाउन सकिन्छ।

१. पद व्यञ्जनको ठीक प्रयोग,
२. अर्थको प्रयोग ठीक तरीकाले गर्ने।

अन्तमा वहाँले भन्नु भयो भगवान बुद्धले आफ्नो उपदेशलाई अनुवाद गर्न अनुमति दिनु भएन। वहाँको उपदेशलाई अनर्थ हुनबाट जोगाउनु भयो। त्यसैले वहाँको उपदेशलाई अहिलेसम्म जस्ताको त्यस्तै सुन्न पाइएको छ।

**अग्गञ्ञ सुत्त**

*२०६८ ज्येष्ठ ७ गते, शनिवार*

*प्रस्तुती- सुभद्रा स्थापित।*　　*स्थान- धर्मकीर्ति विहार*

यसदिन भिक्षु पियदस्सीले दीर्घ निकाय अन्तरगत रहेको अग्गञ्ञ सुत्त विषयमा प्रवचन दिनु हुँदै भन्नुभयो–

बुद्ध शिक्षालाई तीन भागमा विभाजन गरेर त्रिपिटक ग्रन्थको रूपमा प्रस्तुत गरिएको छ। त्रिपिटक अन्तरगतको सुत्त पितकमा पाँचवटा ग्रन्थहरू छन्। ती मध्य पहिलो दीर्घ निकायमा लामो धर्मदेशना सूत्रहरू धर्मचक्र सुत्त ब्रह्मजाल सुत्त आदि हुन्। दीर्घ निकाय भित्र ३४ वटा सूत्रहरू मध्ये चौथों नं. को अग्गञ्ञ सूत्र पर्दछ। अग्ग भन्नाले सबभन्दा अगाडिको ज्ञान भनेर जनाउँदछ। यस सूत्रमा बुद्धकालिन आर्थिक, राजनैतिक र सामाजिक क्षेत्रहरूको विषयमा उल्लेख गरिएको पाइन्छ। त्यसवेलामा ब्राह्मणहरूले आफूलाई सबभन्दा उच्च कूलको थान्दथे। उनीहरू ब्रह्माको मुखबाट उत्पन्न भएको भन्थान्थे। यसरी नै क्षेत्रीहरू ब्रह्माको हातबाट उत्पन्न भएका, वैश्यहरू खुट्टाबाट उत्पन्न भएका र शुद्रहरू ब्रह्माको पाइतालाबाट उत्पन्न भएका हुन भन्ने कुरामा विश्वास गर्दथे।

तर यी अन्धविश्वासी धारणाहरूलाई भगवान् बुद्धको शिक्षामा स्थान छैन। किनभने बुद्ध शिक्षा अनुसार कुनै पनि व्यक्तिलाई उसको कामले उच्च र नीच बनाउँछ जातले होइन।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहारमा २८ औं पटकको रक्तदान कार्यक्रम सम्पन्न



*धर्मकीर्ति विहारले आयोजना गरेको रक्तदान कार्यक्रममा रगत दान गर्दै रक्तदाता र नेपालकी प्रथम रक्तदाता महिला तारादेवी तुलाधर*

*२०६८ वैशाख ३१ गते ।    स्थान- धर्मकीर्ति विहार*

बुद्ध सम्वत २५५५ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारका अध्यक्ष शासनधज धम्माचरिय, अग्गमहान्थवाचक पण्डित धम्मवती गुरूमांको उपस्थितिमा २८ औं पटकको रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । यो कार्यक्रम धर्मकीर्ति विहारको ४६ औं एवं धर्मकीर्ति वौद्ध अध्ययन गोष्ठिको ४० औं वार्षिककोत्सवको उपलक्ष्यमा सम्पन्न गरिएको थियो ।

आफ्नो शरीरको कुनै हिस्सा त्याग गरी अरूको जीवन वचाउने कार्यलाई बुद्ध शिक्षानुसार दान उपपारमिताको रूपमा लिइएको छ । त्यसैले धर्मकीर्ति विहारको रक्तदान कार्यक्रम २८ वर्ष अगाडि देखि निरन्तर रूपले सञ्चालन गर्दै आइरहेको छ ।

यस अमूल्य कार्यक्रममा विभिन्न निकायको तर्फवाट विभिन्न धर्म प्रेमी महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग पुऱ्याउनु भई पूण्य सञ्चय गर्नु भएका थिए–

सहयोगीहरू (१) अनुपमा गुरूमाँ (२) जयवती गुरुमाँ (३) इन्दावती गुरूमाँ (४) रम्मावती गुरूमाँ (स्टाफ नर्स, Blood Pressure Check up), (५) डा. चन्द्रेशरत्न तुलाधर (६) तारादेवी तुलाधर (नेपालमा प्रथम महिला रक्तदाता) (७) सानुकेशरी तुलाधर (८) रोसनकाजी तुलाधर (९) विद्यासागर रंजीत (१०) अरूणसिद्धि तुलाधर (फोटो ग्राफर), (११) अमृतरत्न ताम्राकार, (१२) सुरेसमूनि शाक्य (१३) ज्योतिरत्न स्थापित (१४) विनु तुलाधर (१५) प्रतिमा तुलाधर (१६)आश्रय रत्न तुलाधर (१७) मायादेवी महर्जन (ब्लोदान) (१८) अनिलकृष्ण जोशी, (१९) उद्योग रत्न तुलाधर  (२०) अन्जना तुलाधर (२१) प्रेमलक्ष्मी तुलाधर (२२) ध्रुव स्थापित (२३) ध्रुव राजकर्णिकार आदि ।

*संस्था-* रक्त संचार केन्द्र ।

*सहयोगिहरू–*

१. चन्द्रा गिरी (वरिष्ठ प्राविधिक सहायक)
२. सानु मैया कपाली (वीर अस्पताल A.N.M.)
३. समिता अर्याल (वीर अस्पताल A.N.M.)
४. रूस्मा दुलाल (A.N.M.)

धमकीर्ति स्वास्थ्य कमिटीका सदस्य स्वयम्भूरत्न तुलाधरको संयोजकत्वमा एवंम् ध.बौ.अ. गोष्ठिका सदस्यहरूको सहयोगद्वारा सञ्चालित उक्त कार्यक्रममा जम्मा ८४ जना रक्तदाताहरूले रक्तदान दिनु भएका थिए । उक्त रक्तदान नम्वर र नामावलीहरू यसरी रहेका छन् ।

| रजिष्ट्रर नं. | सि.नं. | रक्तदाताको नाम | ठेगाना |
|---|---|---|---|
| ९०४९४ | १. | राजभाई तुलाधर | नरदेवी |
| ९०४९५ | २. | देवनारायण महर्जन | पाको, न्यूरोड |
| ९०४९६ | ३. | बुकेश महर्जन | कमलाछी |
| ९०४९७ | ४. | अनिता महर्जन | कमलाछी |
| ९०४९८ | ५. | अन्जु महर्जन | चमति |
| ९०४९९ | ६. | हिरादेवी महर्जन | असन |
| ९०५०० | ७. | ज्योतिराज वज्राचार्य | त्यौड |
| ९०५०१ | ८. | श्रवण रन्जित | त्यौड |
| ९०५०२ | ९. | राजिव श्रेष्ठ | असन |
| ९०५०३ | १०. | सुविन महर्जन | त्यौड |
| ९०५०४ | ११. | विजय वज्राचार्य | रक्तकाली |
| ९०५०५ | १२. | पूर्णकेशरी वज्राचार्य | डल्लु |
| ९०५०६ | १३. | अनिता महर्जन | नरदेवी |
| ९०५०७ | १४. | शान्ति महर्जन | त्यौड |



Downloaded from http://www.dhamma.digital



*धर्मकीर्ति विहारले आयोजना गरेको रक्तदान कार्यक्रममा रगत दान गर्दै रक्तदाताहरू*

| | | | |
|---|---|---|---|
| ९०५०८ | १५. | महेश तन्डुकार | बबर महल |
| ९०५०९ | १६. | सन्जय महर्जन | असन |
| ९०५१० | १७. | विश्वम महर्जन | रानीवारी |
| ९०५११ | १८. | रविन्द्र.प्र. श्रेष्ठ | नयाँ वजार |
| ९०५१२ | १९. | मनिका महर्जन | ज्याठा |
| ९०५१३ | २०. | क्षान्तिवती गुरुमां | धर्मकीर्ति विहार |
| ९०५१४ | २१. | करूणावती गुरुमां | कमल पोखरी |
| ९०५१५ | २२. | दिपिका ताम्राकार | कमल पोखरी |
| ९०५१६ | २३. | दया नन्द शाक्य | टेंगल |
| ९०५१७ | २४. | माया देवी महर्जन | ज्याठा |
| ९०५१८ | २५. | हसनकुमार वज्राचार्य | बबरमहल |
| ९०५१९ | २६. | सुमित्रा शाक्य | क्वाडो |
| ९०५२० | २७. | करूणा मानन्धर | नक्साल |
| ९०५२१ | २८. | विकासरत्न तुलाधर | असन |
| ९०५२२ | २९. | मदनरत्न मानन्धर | सोह्र खुट्टे |
| ९०५२३ | ३० | इन्दिरा शाक्य | लगन |
| ९०५२४ | ३१. | साधना मानन्धर | सोह्रखुट्टे |
| ९०५२५ | ३२. | वन्नवती गुरुमां | धर्मकीर्ति विहार |
| ९०५२६ | ३३. | अलिन्दा तुलाधर | मरू टोल |
| ९०५२७ | ३४. | मिना प्रजापति | कुमाननी |
| ९०५२८ | ३५. | मेरी तुलाधर | मरू टोल |
| ९०५२९ | ३६. | अमृतमान शाक्य | इतुँबहाल |
| ९०५३० | ३७. | मणिवती गुरूमां | धर्मकीर्ति विहार |
| ९०५३१ | ३८. | देवकेसी | दोलखा |
| ९०५३२ | ३९. | अलिशा वज्राचार्य | पाटन ढोका |
| ९०५३३ | ४०. | चिनीकाजी महर्जन | कमलाछी |
| ९०५३४ | ४१. | रवि श्रेष्ठ | बाफल |
| ९०५३५ | ४२. | श्वेता मानन्धर | सोह्रखुट्टे |
| ९०५३६ | ४३. | मङ्गलदास श्रेष्ठ | बलम्बु |
| ९०५३७ | ४४. | शुशिल कंसाकार | नघ:ल |
| ९०५३८ | ४५. | ईश्वरमान डंगोल | टेकु |
| ९०५३९ | ४६. | सुरेस तन्डुकार | नयाँ वजार |
| ९०५४० | ४७. | विपिन महर्जन | चमती |
| ९०५४१ | ४८. | जमुना महर्जन | त्यौड टोल |
| ९०५४२ | ४९. | राजेन्द्र शाक्य | नघ:ल |
| ९०५४३ | ५०. | बद्रिलाल नेपाली | मखन |



Downloaded from http://www.dhamma.digital



धर्मकीर्ति विहारले आयोजना गरेको रक्तदान कार्यक्रममा रगत दान गर्दै रक्तदाता, नेपालकी प्रथम रक्तदाता महिला तारादेवी तुलाधर र डा. चन्द्रेसरत्न तुलाधर साथमा

| | | | |
|---|---|---|---|
| ९०५४४ | ५१. | मचा काजी महर्जन | त्यौड टोल |
| ९०५४५ | ५२. | श्यामकाजी महर्जन | त्यौड टोल |
| ९०५४६ | ५३. | मैयाँ महर्जन | खुसिबुं |
| ९०५४७ | ५४. | हिरन्जन शाही | नघ:ल |
| ९०५४८ | ५५. | शहना मानन्धर | ताहाचल |
| ९०५४९ | ५६. | अश्विन ताम्राकार | जडिवुटी |
| ९०५५० | ५७. | विजयाकुमारी तुलाधर | असन |
| ९०५५१ | ५८. | सुजित स्थापित | असन |
| ९०५५२ | ५९. | रसना माली | धोबिघाट |
| ९०५५३ | ६०. | राजेश माली | धोबिघाट |
| ९०५५४ | ६१. | अनु प्रधान (जोशी) | नघ:ल |
| ९०५५५ | ६२. | दिनेश शाक्य | नघ:ल |
| ९०५५६ | ६३. | निरज श्रेष्ठ | कुलेश्वर |
| ९०५५७ | ६४. | रमा कंसाकार | बाफल |
| ९०५५८ | ६५. | राजन श्रेष्ठ | असन |
| ९०५५९ | ६६. | अमिन शाक्य | काठमाडौं |
| ९०५६० | ६७. | सरोज मानन्धर | ठहिटी |
| ९०५६१ | ६८. | स्वेता तुलाधर | नरदेवी |
| ९०५६२ | ६९. | प्रमिता तुलाधर | नरदेवी |
| ९०५६३ | ७०. | रामेश्वर श्रेष्ठ | नयाँ वजार |
| ९०५६४ | ७१. | महेश श्रेष्ठ | असन |
| ९०५६५ | ७२. | अनिता खड्गी | नघ:ल |
| ९०५६६ | ७३. | रोजेन डंगोल | सीता पाईला |
| ९०५६७ | ७४. | रोशनकाजी तुलाधर | भोटाहिटी |
| ९०५६८ | ७५. | बुद्ध लक्ष्मी खड्गी | नघ:ल |
| ९०५६९ | ७६. | मुन्नी महर्जन | कुपण्डोल |
| ९०५७० | ७७. | नरेन्द्ररत्न शाक्य | नघ:ल, क्वाडो |
| ९०५७१ | ७८. | संजिवरत्न ताम्राकार | डल्लु |
| ९०५७२ | ७९. | नविनरत्न शाक्य | नघ:ल |
| ९०५७३ | ८०. | दिनेशकुमार शाक्य | क्षेत्रपाटी |
| ९०५७४ | ८१. | नितु श्रेष्ठ | ज्याठा |
| ९०५७५ | ८२. | अरूणसिद्धि तुलाधर | किलागल |
| ९०५७६ | ८३. | बिनेश शाक्य | क्षेत्रपाटी |
| ९०५७७ | ८४. | शान्ति स्थापित | प्युखा |

यस पालीको रक्तदान कार्यक्रम संचालनार्थ आवश्यक आर्थिक सहयोग एवं रक्तदाताहरूका लागि जुस र पोष्टर [परिवर्तन शील (अनित्य), Change and Thus Impermanent] उपहार चिन्ह स्वरुप प्रदान गर्नु हुने दाता महाराजगंज चक्रपथ निवासी श्री पद्मम रत्न तुलाधर, श्रीमती रञ्जना तुलाधर हुनु हुन्थ्यो ।

यसरी नै रक्तदाताहरूलाई मिठाई, कोकाकोला, दूध दान गर्नु हुने दाताहरूको नाम यसरी रहेको थियो – राम कुमारी मानन्धर, बुद्ध कुमारी मानन्धर, कीर्ति मैयाँ पुच:, चम्पा महर्जन पुच: ज्ञानी मयजु, माया महर्जन, माया देवी महर्जन ज्याठा, अ. अनुपमा गुरूमां, तारा शोभा तुलाधर, मनिक लक्ष्मी तुलाधर, जानकी मानन्धर, केशरी वज्राचार्य,



Downloaded from http://www.dhamma.digital

पद्ममा श्रेष्ठ, अम्वीका श्रेष्ठ, सुभद्रा स्थापित, ज्योति रत्न स्थापित, अनार तुलाधर, बसु श्रेष्ठ, बुद्धि प्रभा, रत्न वेती, बसु माया महर्जन आदि ।

यसरी धमकीर्ति विहारले वि.सं. २०४० साल देखि निरन्तर रूपमा रक्तदान कार्यक्रम संचालन गर्दै आइरहेको थियो । उक्त रक्तदान कार्यक्रमको रक्तदाताहरूको नामावलि जरूरत परेमा संयोजक स्वयम्भूरत्न तुलाधरलाई सम्पर्क राख्न सकिने कुरा यहि समाचार मार्फत प्रष्टाइएको छ ।

**धर्मकीर्ति विहार परीक्षा केन्द्रबाट परियत्ति परीक्षामा उतिर्ण हुन सफल विद्यार्थीहरूको नामावली– बु.सं. २५५५ (वि.सं. २०६७)**

| क्र.सं. | पञ्जिका नं. | विद्यार्थीको नाम | कक्षा | प्राप्ताङ्क | डिभिजन |
|---|---|---|---|---|---|
| १. | १४६२९ | प्रीतिवती गुरुमां | १० | ४५६ | प्रथम |
| २. | ५८९४ | पद्ममा नकर्मी | १० | ३९१ | द्धितीय |
| ३. | ३३५९ | रामेश्वरी महर्जन | १० | ३२५ | द्धितीय |
| ४. | ९०९२ | ध्यानवती गुरुमां | ९ | ४५३ | प्रथम |
| ५. | १४३७ | करुणावती गुरुमां | ९ | ३२८ | द्धितीय |
| ६. | ३८७५ | वण्णवती गुरुमां | ७ | ३२८ | प्रथम |
| ७. | २९८३ | अमता गुरुमां( | ७ | २१३ | तृतीय |
| ८. | १३८१८ | सुमना गुरुमां | ६ | २६९ | प्रथम |
| ९. | ९१०१ | भावनावती गुरुमां | ६ | २५७ | प्रथम |
| १०. | १३९६१ | रूसो महर्जन | ६ | २०३ | द्धितीय |
| ११. | २५४८ | सुशीला शाक्य | ६ | १९९ | द्धितीय |
| १२. | ११९०५ | सुजाता गुरूमां | ६ | १८८ | द्धितीय |
| १३. | १३९६४ | दुर्गादेवी मानन्धर रेग्मी | ५ | २०६ | प्रथम |
| १४. | ८९५० | अञ्जली महर्जन | ५ | १९५ | प्रथम |
| १५. | १३९५८ | अम्विका श्रेष्ठ | ५ | १८८ | प्रथम |
| १६. | ११०९६ | सुमित्रा शाक्य | ५ | १५९ | द्धितीय |
| १७. | १३९७७ | हिसि महर्जन | ४ | १९० | प्रथम |
| १८. | १५५८९ | कारूणिक गुरुमां | ४ | १८२ | प्रथम |
| १९. | १३९७८ | सोनिका महर्जन | ४ | १७१ | द्धितीय |
| २०. | १३९७९ | अमिका महर्जन | ४ | १६९ | द्धितीय |
| २१. | १३९६७ | चन्द्रश्री गुरुमां | ४ | १६७ | द्धितीय |
| २२. | १३९८४ | लुनिभा महर्जन | ४ | १४३ | द्धितीय |
| २३. | ११०९७ | विपस्सना शाक्य | ४ | १३३ | तृतीय |
| २४. | १३०३९ | नानीहेरा प्रजापति | ४ | १२९ | तृतीय |
| २५. | १३०३८ | सुखिता गुरुमां | ४ | १०९ | तृतीय |
| २६. | १३०३३ | सिचु मानन्धर | ४ | १०६ | तृतीय |
| २७. | १३०३७ | तुसिता गुरूमां | ४ | १०१ | तृतीय |
| २८. | ५८५१ | अनिता मानन्धर | ३ | १८१ | वोर्ड प्रथम |
| २९. | १३७४७ | छेकत्राणी | ३ | १५५ | प्रथम |
| ३०. | १३०४० | रत्नदेवी महर्जन | ३ | ११३ | द्धितीय |
| ३१. | १३०३४ | लक्ष्मी मानन्धर | ३ | ९९ | द्धितीय |
| ३२. | १३०४५ | रश्मी मानन्धर | ३ | ८९ | तृतीय |
| ३३. | १५५८७ | खेमिका गुरुमां | ३ | ८३ | तृतीय |
| ३४. | १७०७९ | प्रज्वन श्रेष्ठ | २ | १३० | प्रथम |
| ३५. | १७०८१ | मन्दिप श्रेष्ठ | २ | १२४ | प्रथम |
| ३६. | १७०७८ | बिबिना श्रेष्ठ | २ | १२० | प्रथम |
| ३७. | १५५८६ | आभूषणमानसिं तुलाधर | २ | ११६ | द्धितीय |
| ३८. | १३०४४ | अनुश्री शाक्य | २ | ११६ | द्धितीय |
| ३९. | १७०८५ | महिम श्रेष्ठ | २ | ११३ | द्धितीय |
| ४०. | १७०८५ | अमन महर्जन | २ | ९० | द्धितीय |
| ४१. | १७०५३ | अन्जिना कार्की | १ | ८४ | प्रथम |
| ४२. | १७०५६ | कल्पनावती तुलाधर | १ | ८२ | प्रथम |
| ४३. | १७०६० | पूर्णलक्ष्मी श्रेष्ठ | १ | ७९ | प्रथम |
| ४४. | १७०६९ | सुस्मिता श्रेष्ठ | १ | ७९ | प्रथम |
| ४५. | १७०६२ | सिर्जना चित्रकार | १ | ७२ | प्रथम |
| ४६. | १७०३५ | अमनररत्न कंसाकार | १ | ७१ | प्रथम |
| ४७. | १७०६६ | सुमित श्रेष्ठ | १ | ६८ | प्रथम |
| ४८. | १७०४८ | कृपा खड्गी | १ | ६७ | प्रथम |
| ४९. | १७०३३ | माया तामाङ्ग | १ | ६५ | प्रथम |
| ५०. | १७०५१ | मनिषा पाण्डे | १ | ६२ | प्रथम |
| ५१. | १७०५७ | तारा खड्गी | १ | ६२ | प्रथम |
| ५२. | १७०४९ | यस्स्सी गुरुमां | १ | ६२ | प्रथम |
| ५३. | १७०५२ | दुर्गा शाही | १ | ६२ | प्रथम |
| ५४. | १७०३८ | स्वस्तिका रंजितकार | १ | ६० | प्रथम |
| ५५. | १७०६५ | सिरपा चित्रकार | १ | ६० | प्रथम |
| ५६. | १७०६३ | मीरा महर्जन | १ | ६१ | द्धितीय |
| ५७. | १७०४० | रश्मिला तुलाधर | १ | ५८ | द्धितीय |
| ५८. | १७०५९ | रत्नशोभा महर्जन | १ | ५८ | द्धितीय |
| ५९. | १७०३४ | सुरीतरत्न कंसाकार | १ | ५६ | द्धितीय |
| ६०. | १५५८२ | श्रावस्ती तुलाधर | १ | ५५ | द्धितीय |
| ६१. | १७०७० | सुरज महर्जन | १ | ५३ | द्धितीय |
| ६२. | १५५८४ | लिपिका बनिया | १ | ५१ | द्धितीय |
| ६३. | १७०६७ | पल्पसा शाक्य | १ | ५१ | द्धितीय |
| ६४. | १७०३९ | रसिक तुलाधर | १ | ५० | द्धितीय |
| ६५. | १७०४१ | सुमित महर्जन | १ | ५० | द्धितीय |
| ६६. | १७०६८ | इशा शास्त्री | १ | ४९ | द्धितीय |
| ६७. | १७०७४ | प्रतिक खड्गी | १ | ४९ | द्धितीय |
| ६८. | १७०३७ | सोभ्ना खड्गी | १ | ४७ | द्धितीय |
| ६९. | १७०७३ | सोनल शाही | १ | ४६ | द्धितीय |
| ७०. | १५५८१ | सोनिका महर्जन | १ | ४४ | तृतीय |
| ७१. | १७०७२ | लसता खड्गी | १ | ४४ | तृतीय |
| ७२. | १७०३६ | लसन तुलाधर | १ | ४३ | तृतीय |
| ७३. | १७०४४ | सबिन बज्राचार्य | १ | ४० | तृतीय |
| ७४. | १७०४५ | प्रणय श्रेष्ठ | १ | ४० | तृतीय |
| ७५. | १७०६४ | सरीन अग्रवाल | १ | ३९ | तृतीय |
| ७६. | १७०३२ | लिपिका महर्जन | १ | ३७ | तृतीय |
| ७७. | १७०४२ | प्रनय प्रधान | १ | ३५ | तृतीय |



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति संरक्षण कोषया पदाधिकारीपिनि पाखें श्रीलंका भ्रमण




*ज्याइवलय् धर्मकीर्ति पाखें भजन प्रस्तुत जुयाच्वंगु*

२५५५ स्याँयापून्हिया लसताय् श्री लंका राजदुतावास पाखें श्रीमाओ बन्दरनायक प्रदर्शन केन्द्रिय बौद्ध धर्म सम्बन्धि बिभिन्न क्रियाकलापय् नेपामि पिन्त निमन्त्रणा याना ह:गुलि नेपा: मिपिनिपाखें १२ जना टोली भिक्षु उत्तम, मामा लामा गुरू, भिक्षुणी पुण्यवती धर्मकीर्ति विहार संरक्षण कोषया सचिव मीना तुलाधर धर्मकीर्ति ज्ञानमाला भजनया उपाध्यक्ष-जुजु भाई शाक्य कीर्ति तुलाधर, प्रफुल्ल कमल ताम्राकार, उद्योग रत्न तुलाधर, नगीना जोशी, रामेश्वरी महर्जन,रीता महर्जन, उष्णीस तारा तुलाधरज्यू पिसं ब्वति का:गु ख: । उगु ज्या इव: मिति २०६८/२/२ नसें २०६८/२/९ गते तक्क जूगु ख: । उगु टोली भिक्षु उत्तम व मामा लामा गुरू पाखें चित्रकला प्रदर्शन, धर्मकीर्ति बिहार ज्ञानमाला भजनया दुज: नगीना जोशी पाखें मञ्जुश्री प्याखँ व धर्मकीर्ति बिहार संरक्षण कोष, धर्मकीर्ति ज्ञानमाला भजनया दुज: पिनि पाखें भजन म्ये व पिक्चर फिल्म धर्मकीर्ति विहार छ्पुलु व पटाचारा प्याखँ प्रदर्शन या:गु ख: । उगु ज्याइव:लय् नेपाल, भारत,म्यानमार, श्रीलंका, कोरिया, चीन, जापान आदि देश पिनि पाखें नं ब्वति का:गु ख: ।



*धर्मकीर्ति संरक्षण कोषया पदाधिकारीपिं*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार छपुल



*धम्मवती गुरुमांया ल्हातं डकुमेन्ट्री उद्‌घाटन*

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

धर्मकीर्ति विहार संस्थापक अध्यक्ष पूजनीय धम्मवती गुरूमां ७७ दँ ७ ला ७ न्हु क्यंगु भिं बुदिंया लसताय् "धर्मकिर्ति विहार छपुलु" डकुमेन्ट्री ने.सं. ११३१ चौलागा: आमाई (२०६८/१/२० मंगलवा:) कुन्हु मांया ख्वा: स्वयगु पुनित दिं स वसपोल धम्मवती गुरूमांया ल्हातं विमोचन जूगु जुल ।

पूजनीय धम्मवती गुरूमांया सभापतित्वय् थी थी इकाईया प्रतिनिधित्वया उपस्थितिस धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया सचिव प्रेमलक्ष्मी तुलाधरं न्हयाकूगु उगु ज्या झ्व: कोषाध्यक्ष श्याममान बज्राचार्यजुं लसकुस न्वचू वियादीगु ख: । पञ्ञावती गुरूमां नं "धर्मकीर्ति विहार छपुलू" विषयलाय खँ कनाविज्या:गु ख: ।

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया कुतलं पिदंगु थ्व डकुमेन्ट्री धर्मकीर्ति विहार दुने न्ह्यानाच्वंगु थीथी शाखा विहार इकाई आदियात क:घासे धर्मकीर्ति विहार नीस्वंगु ४६ दँ लिपा दकलय् न्हापां दयेकूगु थ्व डकुमेन्ट्री धर्मकीर्ति विहारया न्हयोब्वया रूपे पिदंगु ख: । थ्व धर्मकीर्ति विहार या गौरव, ऐतिहासिक कथं पिज्व:गु दु ।

पूजनीय धम्मवती गुरूमां बौद्ध जगतय् नारी जागृतिया नितिं न्हयलुवा: जुया: बुद्ध शिक्षा कथं सकलसित उद्धार याना विज्या:म्ह वसपोल गुरूमांया कुसल नेतृत्वय् न्ह्याना च्वंगु थ्व धर्मकीर्ति विहारया मू विस्कं हे दुगु खँ थ्व डकुमेन्ट्री पिज्वया च्वंगु दु ।

२० मिनेट ता: हाक:गु थ्व डकुमेन्ट्रीया च्वमी व निर्देशिका प्रेम लक्ष्मी तुलाधर व रामेश्वरी महर्जन ख: ।

नेपाल भाषा, नेपाली भाषा, अंग्रेजी भाषा स्वंगू भाषं पिदंगु "धर्मकीर्ति विहार छपुलु" डकुमेन्ट्रीया उद्‌घोषिका रीना तुलाधर (बनिया), सिल्भियाराजोपाध्याय ख: ।

**२५५५ औं बुद्ध पूर्णिमाको दिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा सञ्चालित कार्यक्रमहरू**

*२०६८ ज्येष्ठ ३ गते, मङ्गलवार*

विहान ७ वजे भजन, बुद्धपूजा, दान-प्रदान र धर्मदेशना
दिउँसो ४ वजे ध्यान भावना, दिउँसो ५ वजे बुद्धपूजा
दिउँसो ६ वजे प्रवचन, दिउँसो ६:३० वजे दीपप्रज्वलन



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार — समाचार

## २५५५ औं बुद्ध पूर्णिमा महोत्सव विभिन्न कार्यक्रम सञ्चालन गरी सम्पन्न

*२०६८ जेठ ३ गते, मंगलवार*

२५५५ औं बुद्ध पूर्णिमा महोत्सव नेपाल अधिराज्य भर विभिन्न कार्यक्रमहरू सञ्चालन गरी मनाइएको समाचारहरू प्राप्त भएका छन् । प्राप्त समाचार अनुसार धर्मकीर्तिले तयार पारिएका विवरण यसरी रहेको छ ।

**आनन्दकुटी विहार, काठमाडौं, स्वयम्भू–**

यसदिन केन्द्रिय बुद्ध जयन्ती समारोह समिति काठमांडौ आनन्दकुटी विहारमा सार्वजतिक बौद्ध सभाको आयोजना गरिएको थियो ।

भिक्षु कुमार काश्यप महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको उक्त समारोहमा प्रमुख अतिथी उपप्रधानमन्त्री भरत मोहन अधिकारीले बुद्धको शान्ति, सद्भाव, मित्रता र मानवता जस्ता सन्देश आजको विश्वमा अन्त्यन्त सान्दर्भिक रहेको कुरा बताउनु भएको थियो । यसरी नै बुद्ध जयन्ती समारोह समितिका उपाध्यक्ष एवं अखिल नेपाल भिक्षु संघका सचिव भिक्षु धम्ममूर्तिले बुद्ध धर्मको विविध पक्षमा चर्चा गर्नुहुँदै बुद्धवचन बुद्ध शिक्षा, बुद्ध दर्शन विषयमा धर्मउपदेश दिनुभएको थियो। यसरी नै बुद्ध जयन्ति समारोहका सचिव संघरत्न शाक्यले बुद्धको महत्ववारे प्रकाश पार्नु भएको थियो ।

बुद्ध जयन्ती समारोह समितिद्धारा आयोजित उक्त धार्मिक सभामा परम्परागत बुद्धपूजा, अस्थिधातु प्रदर्शन, तथा देश विदेशबाट सहभागीहरू उपस्थित रहेका थिए । उक्त बौद्ध सभालाई मित्रराष्ट्र म्यानमार, श्रीलंका, र थाइलैण्डका राजदूतहरूले बुद्ध सन्देश सदावहार रहेको बारे आत्मसात् गर्न सकिने कुरा बताएका थिए। यसदिन कार्यक्रममा सहभागी भक्तजनहरूलाई खीर भोजन दान गर्नुहुने दाताहरू पृग्वी नारायण, मङ्गलदास र मैया मानन्धरलाई उपप्रधानमन्त्री भरत मोहन अधिकारीले प्रशंसा पत्र प्रदान गर्नु भएको थियो । यसदिन पूज्य भिक्षु/भिक्षुणीहरूको सहभागितामा बुद्ध शिक्षाले भरिएका बिभिन्न ग्रन्थहरू सहित स्वयम्भू महाचैत्य परिक्रमा गरिएको थियो । यस उपलक्ष्यमा बौद्ध विद्धान आले लामाले नेपाल लगायत विश्वका अन्य मुलुकमा बढेको हिसा र आतंकबाट मुक्ति पाउनका लागि भगवान् बुद्धका उपदेशलाई अवलम्वन गरिएमा शान्ति स्थापना भई समाज उन्नतितर्फ रूपान्तरण हुन सकिने कुरामा जोड दिनु भएको थियो । विश्व बौद्ध धर्म संघका अध्यक्ष कृष्ण लामाले मानिसलाई करूणा र दयाको भावना विकास गराउन बौद्ध शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको कुरा प्रकाश पार्नु भएको थियो। यसरी नै भिक्षु आनन्दले मुलुकमा देखिएको राजनैतिक अन्यौल अन्त्य गर्न भगवान् बुद्धको शान्ति सन्देश र उपदेशलाई राजनैतिक दलहरूले आत्मसात् गर्न जरूरी रहेको कुरा बताउनु भएको उक्त सभामा त्रिपिटक, कग्युर, तेग्यूर, नामक बौद्ध ग्रन्थहरूको पूजा पाठ पनि गरिएको थियो ।

बुद्ध जयन्तीको अवसरमा राजधानीमा सामूहिक बुद्धपूजा, प्रवचन ऱ्याली आदिको आयोजना गरिएको थियो । स्वयम्भू ज्ञानमाला भजन खल: मुस्ताङ्ग वाऱ्ह गाउँ सेवा संघ र विश्व बौद्ध धर्म संघले आयोजना गरिएको उक्त कार्यक्रममा भिक्षु भिक्षुणी, उपासक उपासिका समूहबाट सामूहिक बुद्धपूजा र भजन गरिएको थियो ।

**काठमाडौंका विभिन्न संस्थाहरूमा बुद्ध पूर्णिमा महोत्सव–**

स्थानिय विकास मन्त्रालय बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिद्धारा आयोजित बुद्धपूर्णिमा महोत्सव सभामा स्थानिय विकास राज्यमन्त्री शत्रुघ्नप्रसाद महतले हिटलर, मुसोलिन नेपोलियन, जस्ता तानाशाही र हिरोसिमा नागासाकी विस्फोटका बेलामा भन्दा बढी आजको मानवीयता ऱ्हासको अवस्थामा भगवान बुद्धको दर्शन बढि आवश्यकता रहेको कुरा प्रस्ताउनु भएको थियो । यसरी नै संविधान, सभाका सभाध्यक्ष सुवास चन्द्र नेम्वाङ्गले सभालाई सम्वोधन गर्नु हुदै भन्नु भयो–

३ वर्ष भित्र भगवान् बुद्धको जन्मस्थल लुम्विनीको गुरूयोजनानुसार विकास निर्माण कार्य सम्पन्न गर्न संसारको सर्वसम्मत सहमति त भएको छ तर सहमतिलाई कार्यान्वयन प्रतिवद्धता भने सोचनिय बन्न गएकोछ ।"

स्मरणिय रहेको छ, संयुक्त राष्ट्रसंघले विश्वव्यापी रूपमा बुद्ध जयन्ती मनाउन आह्वान गरेको १३ वर्षपछि पहिलोपल्ट, नेपाल सरकारले यो सभाको आयोजना गरेको कुरा बुझिन आएको छ ।

हिन्दु विद्यापीठ नेपालद्धारा बुद्ध र शान्ति विषयक प्रवचन कार्यक्रमको आयोजना गरिएको थियो । साई केन्द्रले भद्रकालीबाट एक शान्ति ऱ्यालीको आयोजना गरी स्वयम्भू स्थित शान्तिपूरमा पुगी धार्मिक सभाको आयोजना गरिएको थियो ।

**स्वयम्भू ज्ञानमाला भजनको साप्ताहिक कार्यक्रम–**

२५५५ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा स्वयम्भू ज्ञानमाला भजन खल:ले एक हप्ता सम्म विभिन्न स्थानहरूमा भजन र धर्मदेशना कार्यक्रम संचालन गरेको समाचार छ स्थान र प्रवचकहरूको विवरण यसरी रहेकोछ ।

स्थान- संघाराम विहार, साकुना टोल, लाजिम्पाट, फुट दे मुनाखल: च:मति नेवा:खलल ता:गोचिभा: मरू, ज्ञानमाला भजन खल: आदि ।

प्रवचकहरू– भिक्षु अश्वघोष, भिक्षु उपतिस्सर भिक्षु आनन्द ।



Downloaded from http://www.dhamma.digital

श्री सञ्जय साइसेवा अर्गनाइजेशन नेपालका संरक्षक सञ्जय साई बाबाले एक कार्यक्रममा बुद्धको शान्ति सन्देश बाट प्रकाश पार्नु भई उक्त कार्यक्रममा आमन्त्रीत ११ जना बौद्ध भिक्षुहरूलाई भिक्षा दान गर्नुभएको थियो ।

सोही कार्यक्रममा सभासद भिक्षु आनन्दले बुद्ध शिक्षालाई व्यवहारमा उतार्न सबैले लाग्नु पर्ने विषयमा जोड दिनु भएको थियो । यसदिन श्री सम्पनसाई सेवा अर्गनाइजेशन नेपालद्वारा रक्तदान कार्यक्रमको पनि आयो जना गरेको थियो ।

**बुद्ध पूर्णिमा महोत्सवको उपलक्षमा–**

नेवा: जागरण मञ्चद्वारा स्वयम्भूमा आयोजित नि:शुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण कार्यक्रममा ४ सय ३७ जनाले लाभ प्राप्त गरेको कुरा बुझिएको छ । यसरी नै लाजिम्पाट स्थित साखुनावासी नेवाहरूको संगठन झीगु नेवा: पुच:द्वारा बुद्धपूजा तथा खट जात्राको आयोजना गरी नगर परिक्रमा गरिएको थियो ।

**श्रीघः ज्ञानमाला भजन श्रीघः–**

जेठ ३ गते श्रीघ: ज्ञानमाला भजन खल:ले भगवान् बुद्धको प्रतिमा सजाइएको रथमा राखी नगर परिक्रमा गराइएको थियो । कार्यक्रमको अन्त्यमा श्रीघ: विहारमा पुगी सभामा परिणत भएको थियो ।

**गणमहाविहार, काठमाडौं–**

यसदिन गणमहाविहारले २५५५ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा भगवान बुद्धको शिक्षामा आधारित असल मानिस बन्न सक्ने नैतिक शिक्षा सम्बन्धी अन्तर माध्यमिक बौद्ध हाजिरी जवाफ प्रतियोगिता को आयोजना गरेको थियो । उक्त प्रतियोगितामा प्रथम हुने नेपाल आदर्श मा.वि. दोश्रो कान्ति इश्वरी राज्यलक्ष्मी मा.वि. र तेश्रो विश्वनिकेतन विद्यालयलाई कार्यक्रममा प्रमुख अतिथी भिक्षु अश्वघोष महास्थविरले प्रमाणपत्र तथा पुरस्कार प्रदान गरिएको थियो ।

**रक्तदान गरी बुद्धजयन्ती मनाइयो**

धर्मकीर्ति विहार, आनन्दकुटी विहार र बनेपा आदि स्थानहरू रक्तदान कार्यक्रम आयोजना गरी २५५५ औं बुद्ध पूर्णिमा मनाइयो ।

**लुम्बिनी– दुई जापानीलाई बुद्ध शान्ति पुरस्कार–**

लुम्बिनीमा सन् १९९८ मा सम्पन्न पहिलो विश्व बौद्ध शिखर सम्मेलन अन्तर्राष्टिय शान्ति पुरस्कार स्थापना गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरेनुसार सन् २००२ मा नेपाल सरकारले गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार स्थापना गर्ने निर्णय गरिएको थियो । सोही अनुरूप नेपाल सरकारले गतवर्ष पुरस्कार वितरणका लागि उपयुक्त व्यक्ति छनोट गर्न संयुक्त राष्ट्रसंघका पूर्व सहायक महासचिव कुलचन्द्र गौतमको संयोजकत्त्वमा पाँच सदस्यीय छनौट समिति गठन गरेको थियो । उक्त छनौट समितिमा पूर्व मूख्य सचिव विमल प्रसाद कोइराला, लुम्बिनी विकासकोषका उपाध्यक्ष आचार्य कर्मा सङबो शेर्पा, प्रतिष्ठित चित्रकार उर्मिला गर्ग प्रतिष्ठित बौद्ध भिक्षुणी आनी छोयिङ् डोल्मा सदस्य हुनुहुन्थ्यो । उक्त समितिले गरेको छनौटको आधारमा जापानका दुई ऐतिहासिक सहर नागासाकिका मेयर तोकिहिसाताउए र हिरोसिमाका निवर्तमान तादातोसि अकिवालाई गौतमबुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार प्रदान गर्ने निर्णय गरिएको थियो ।

यो पुरस्कार हरेक पाँच पाँच वर्षमा प्रदान गरिने र पुरस्कार रासि बढाउन अन्तर्राष्ट्रिय निकायलाई आहवान गरिने कुरा लुम्बिनी विकास कोषले जनाएको छ । (करीव ३६ लाख रूपैंया) ५० हजार अमेरिकी डलरको सो पुरस्कार पहिलो पटक दुई जापानीलाई अहिंसा र शान्ति प्रवर्द्धन, मानवीय दु:खहरूलाई न्यूनीकरण गर्न र मानव ऐकवद्धतालाई प्रवर्द्धन गर्ने लगायत २५५५ औं बुद्ध पूर्णिमा महोत्त्सवको उपलक्षमा आयोजित विशेष समारोहमा राष्ट्रपति रामवरण यादवले प्रदान गरिएको हो । जनही रू. २५ हजार अमेरिकी डलर राशीको उक्त पुरस्कारको साथमा राष्ट्रपति यादवले प्रशंसा पत्र, स्वर्णपदक र मायाको चिनो स्वरुप बुद्ध मूर्ति पनि प्रदान गर्नुभएको थियो । शान्ति स्थापनाका लागि पुऱ्याएको योगदान राष्ट्रपति यादवले शान्ति स्थापनानार्थ महत्त्वपूर्ण भूमिका निभाउने विश्व प्रसिद्ध व्यक्तिहरूलाई पहिलो पटक नेपाल र नेपालीका तर्फबाट पुरस्कार प्रदान गर्न पाउँदा गौरवान्वित भएको कुरा बताउनु भएको थियो । उहाँले भन्नुभयो ।

"भगवान् बुद्धले देखाउनुभएको शान्ति कार्यक्रम राख्न प्रेरणा प्रदान गर्नेछ ।"

कार्यक्रममा बोल्नुहुँदै उपराष्ट्रपनि परमानन्द झाले भगवान बुद्धले देखाउनु भएको बाटोको अनुशरण गर्दै शान्ति स्थापनाका लागि मिलेर कार्य गर्नुपर्ने कुरा बताउनु भएको थियो ।

यसरी नै रक्षामन्त्री विष्णु पौडेलले हिंसा र प्रतिहिंसाको राजनीतिले मुलुकलाई पछाडि धकेल्ने भएकोले शान्तिका लागि सवैले त्याग गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

गौतम बुद्ध शान्ति पुरस्कारबाट सम्मानित जापानीद्वय तादातोसी अकिवा र तोकिहिसा तावोले उहाँहरूलाई गौतम बुद्ध शान्ति पुरस्कारको लागि गरिएको छनौटलाई धन्यवाद ज्ञापन गर्नुहुँदै यस सम्मानले शान्तिका लागि थप काम गर्न प्रेरणा मिलेको कुरा वताउनु भएका थिए ।

उक्त कार्यक्रममा लुम्विनी विकास कोषमा अध्यक्ष एवं सँस्कृती मन्त्री खगेन्द्र प्रसाई., उपाध्यक्ष कर्मास्याङवो शेर्पा, नेपाल सरकारका मुख्य सचिव माधव घिमिरे, संयुक्त राष्ट्र संघका पूर्व उपमहासचिव कूलचन्द गौतम अदिले बुद्ध जन्मस्थल लुम्विनीको विकास कार्यको आवश्यकता वारे चर्चा गर्नु हुँदै बुद्ध शिक्षा पालन गर्नुपर्ने विषयमा जोड दिनु भएको थिए ।



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्वकै एक प्रमुख धार्मिक तीर्थस्थलका रूपमा विकास गरी शान्ति सहर निर्माण र स्थापना गर्न सहयोग यस गौतम बुद्ध– अन्तर्राष्ट्रिय शान्ति पुरस्कारको आधार मानिएको कुरालाई निर्णायक समितिले जनाएको छ ।

कार्यक्रम शुरू हुनुअघि भिक्षु भिक्षुणी, बौद्ध लामा, विद्यार्थी, लगायत पर्यटकहरू र विभिन्न संघसंस्थाहरूले माया देवी मन्दिरबाट शान्ति र्‍यालीमा सहभागी भएका थिए ।

यसको अलावा २५५५ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा लुम्बिनीमा विभिन्न मितिमा विभिन्न रोचक कार्यक्रमहरूको आयोजना गरिएका थिए । जुन यसरी रहेका छन् ।

*२०६८/१/२९*

यसदिन जिल्ला स्तरिय अन्तर माध्यमिक हाजिरी जवाफ प्रतियोगिताको आयोजना गरिएको थियो । आयोजक - नेपाल प्राचीन बुद्ध भूमि महासंघ लुम्बिनी ।

*२०६८ /१/३०*

अन्तर माध्यमिक वक्तृत्त्वकला प्रतियोगिता पुरस्कार तथा प्रमाण पत्र वितरण ।

**रक्तदान–**

*आयोजक-* अन्तराष्ट्रिय बौद्ध समाज

बुद्ध शिक्षा सम्वन्धी अन्तरक्रिया

लुम्विनी जिल्लास्तरिय अन्तर माध्यमिक हाजिरी जवाफ प्रतियोगिता

*आयोजक-* अन्तर्राष्ट्रिय बौद्ध समाज मायादेवी छात्रवृत्ति वितरण, भिक्षु, भिक्षुणी एवं लामा गुरुहरूलाई भोजन दान

*आयोजक-* लुम्विनी धर्मोदय सभा, राजकीय बुद्ध विहार

**बनेपा–**

बनेपा बुद्ध जयन्ति समारोह समितिको आयोजनामा बुद्धमूर्ति खतमा राखी सुदर्शन विहारबाट नगर परिक्रमा शुरू गरी ध्यानकुटी विहारमा पुगी बुद्धपूजा गरी सभामा परिणत भएको थियो ।

कार्यक्रममा सहभागी भएका हजारौं सहभागीहरूलाई वनेपा वांख्योका भक्त मानन्धर परिवारले क्षीर भोजन दान गरेको थियो । उक्त कार्यक्रममा भिक्षु राहुलले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

**फलफुल वितरण–**

बनेपा ध्यानकुटी विहारको तर्फबाट स्थानीय मेमोरियल अस्पतालमा उपचारार्थ रहेका विरामीहरूलाई फलफुल वितरण गरी बुद्ध जयन्ति मनाइएको समाचार छ ।

**विस्कुट वितरण–**

२५५५ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारले अस्पतालमा उपचार्थ रहेका विरामीहरुलाई विस्कुट प्रसाद वितरण गरी उनीहरूको निरोगी एवं सुस्वास्थ्य कामना गरेको थियो ।

**रामग्राम स्तुप प्रवर्द्धन महोत्सब सम्पन्न**

*२०६८ ज्येष्ठ ४ गते, बुधवार*

२५५५ औं बुद्ध पूर्णिमा महोत्सबको उपलक्ष्यमा पर्यटन वर्ष २०११ लाई केन्द्र विन्दुमा राखी गत वर्ष गठित रामग्राम पर्यटन प्रवर्द्धन समितिका संयोजक श्री घर वस्यालको अग्रसरतामा २२ गुम्वाहरूका भिक्षुहरू लगायत ए ओम शान्ति परिवार, साईराम परिवार, अन्य संघ संस्था लगायत सदर मुकाममा कार्यालय प्रमुखहरू सहित हजारौं संख्याका नरनारीहरूले नगर परिक्रमा गरी रामग्राम स्तुप पुगी सभामा परिणत भई कार्यहरू संचालन गरिएको थियो ।

उक्त कार्यक्रममा रामग्राम स्तुपलाई पर्यटकीयस्थलको रूपमा विकास गर्न सबै वक्ताहरूले जोड दिनु भएका थिए । अन्य जन जातीका महिला पुरूष, युवा युवती र बालबालीकाहरू नाचगान पनि देखाइएको थियो । उक्त कार्यक्रममा सक्रिय रूपले भाग लिएका संघ संस्थाहरूलाई रामग्राम स्तुप अंकित फोटो मायाको चिनो र प्रशंसा पत्र वितरण गरिएको थियो । यस कार्यक्रम सफल पार्न उद्योग वाणिज्य संघ, नेपाल जेसिज र अन्य संघ संस्थाहरूको सक्रिय सहभागी रहेको थियो ।

**विश्व शान्ति विहार, मिनभवन–**

*भिक्षाटन-* विश्व शान्ति विहारका आवासीय भिक्षु, श्रामणेरहरूद्वारा नयाँ बानेश्वर क्षेत्रमा
२०६८ वैशाख ३१ गते, शनिवार- विहान ७:०० बजे

*बुद्धपुजा एवंम् धर्म देशना-* भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट बुद्ध धर्म र बुद्ध जयन्ती एवंम् शाक्य कुलबारे
*२०६८ ज्येष्ठ २ गते विहान-*

*अन्तर मा.वि बौद्ध कविता प्रतियोगिता-* बुद्धको शान्ति सन्देश विषयक

शोभा यात्रा- २०६८/२/३ गते, विहान, ७ बजे देखि बानेश्वर क्षेत्र विविध सांस्कृतिक बाजागाजा एवं विद्यालयमा शिक्षक विद्यार्थीहरू सहित । परिक्रमा पश्चात् ९ वजे सार्वजनिक केन्द्र सभामा परिणत- भिक्षु निग्रोध स्थविर ज्यूबाट धर्म देशना

*रक्तदान तथा नेत्रदान-* २०६८ ज्येष्ठ ७ गते, शनिवार विहान ११:०० बजे जम्मा ५९ जनाबाट रक्तदान र ११ जनावाट नेत्रदान गरियो ।

**वुटवल–**

पद्ममचैत्य बिहार, २५५५ औं बुद्ध जयन्ति स्वाँया पुन्हिको उपलक्ष्यमा वुटवलको पद्म चैत्य विहारमा ४ दिन सम्म पाँचवटा संघ संस्थाले घुमघामका साथ बुद्ध जयन्ति मनाइएको समाचार छ । वैशाख ३१ गते शनिवार विहान लु.अ. अस्पतालका विरामीहरुलाई पद्मम चैत्य विहारद्वारा फलफुल वितरण कार्य सम्पन्न गरियो र त्यसै दिन दिउँसो ११:वजे धर्मोदय सभा वुटवल शाखाद्वारा स्कुलका विद्यार्थिहरूलाई हाजिर जवाफ प्रतियोगीता संचालन गर्ने क्रममा दिप वोर्डिङ्ग स्कुल का विद्यार्थिहरु प्रथम भइ रनिङ्ग शिल्ड प्राप्त गर्न सफल हुनु भयो । जेठ १ गते आइतवार



Downloaded from http://www.dhamma.digital

विहान शिद्धवावास्थित बुद्ध विहारमा बौद्ध युवा ज्ञानमाला संघका सदस्यहरूले बुद्धपुजा र ज्ञानमाला भजन गरी भव्यताक साथ कार्यक्रम सफल पार्नु भयो ।

जेष्ठ २ गते सोमवार विहान ८ वजे वुटवल नगर पालिकामा शाक्य समाज द्वारा धार्मिक सहिष्णुता आजको आवश्यकता विषयमा विभिन्न धर्मावलम्बिहरूद्वारा गोष्ठी भव्यताका साथ सुसम्पन्न गरियो । र त्यसै दिन साँझ ५: वजे वुटवल सुख्खानगर स्थित विश्व शान्ति ज्योति बुद्ध विहारमा वौद्ध महिला संघको तर्फ वाट शान्ति दिप प्रज्वलन गरी पद्मम चैत्य विहारमा समापन गरियो ।

ज्येष्ठ ३ गते मंगलवार स्वांया पुन्हि का दिन विहान ४ वजे प्रभात फेरी र विहान ७ वजे देखी शील प्रार्थना, बुद्धपूजा दानप्रदान र धर्म देशना आदि श्रद्धेय श्रामणेर सुमंगल भन्ते ज्यू वाट सुसम्पन गरियो र दिउँसो ३ वजे भगवान बुद्धको प्रतिमा राखिएको रथले नगर परिक्रमा गरी प्रसाद वितरण गरी २५५५ औ बुद्ध जयन्ती धुमधामका साथ सु-सम्पन्न गरियो ।

**काँकडभिता– इँटभट्टाको छेउमा विहार स्थापना**

श्रद्धालु उपासक जंगवहादुर लुङ्गेली झारवाट स्थापना भएको बुद्धविहार (गुम्वा) जेठ-३ गते बुद्ध जयन्तीको २५५५ औं बुद्ध पूर्णिमाको अवसर पारेर श्रद्धेय भिक्षु गौतमबाट उद्घाटन भयो ।

**झापा–**

**तिमाइ शरणार्थी कयाममा अन्तिम बुद्धजयन्ती मनाइयो**

भुटानी शरणार्थी कयाम झागेनाट विहार (गुम्बा) मा अन्तिम बुद्धजयन्ती मनाइयो उक्त समारोहमा भिक्षु गौतमबाट बुद्धपूजा र प्रवचन भएको थियो । यहाँबाट भुतानी शरणार्थीहरू कोही अमेरिका जाने कोही वेलडागी दमक सर्ने भएकोले अन्तिम बुद्धजयन्ती मनाइयो ।

**दमकवेलडाँगी भुटानी शरणार्थी शिविरमा २५५५ बुद्ध जयन्ती**

दमक वेलडाँगी शरणार्थी शिविरको गुम्बामा पनि लागा प्रेम कुमार आले मगर को निमन्त्रणामा २५५५ औं बुद्ध जयन्तीको उपलक्ष्यमा श्रद्धेय भिक्षु गौतम भन्ते वाट बुद्धपूजा र प्रवचन भयो। कार्यक्रम संचालन लामा प्रेमकुमार आले मगर र तिल वहादुर मगर वापा हुनु हुनथ्यो ।

**चिनीया राजदूतावासमा सचीव बुद्ध पूजाय् सहभागी–**

*प्रस्तुति- प्रेम लक्ष्मी तुलाधर*

ने.सं. ११३१ वछलागा अष्टमी (२०६८/२/११ बुधवार) कुन्हु चिनिया राजदूतावासया संस्कृति प्रथम साचिव मयजु जोविन धर्मकीर्ति विहारे झाया: बुद्ध पूजाय सरिक जुयादीगु दु : ।

वयक:यात धर्मकीर्ति संरक्षण कोषया उपाध्यक्ष द्रब्यमानसिं तुलाधर व श्याम मान बज्राचार्य लसकुस यानादीगु ख: । पूज्य धम्मवती गुरूमां नं चीन नेपा: दथुई घनिष्ट मित्रता दुगु खँ कनाबिज्यासे उपहार बियाविज्यात ।

"मयजु जोविन नेपा: या संस्कृति-धर्म विषयलय् खं थुइकेगु सिइकेगु इच्छायाना: धर्मकीर्ति विहारया अध्यक्ष धम्मवती गुरूमां खना: लयता:गु खँ" नवीन चित्रकारजुं धयादिल ।

मयजु जोविनं धयादिल नेपा: शान्तिप्रिय् भगवान् बुद्ध बूगु, प्राकृतिक सौन्दर्य पूर्ण नेपा: दे तसकं बाँला:गु व धर्मकीर्ति विहारे वया: गुरूमांपित दर्शन यायदुगु लिसें बुद्ध पूजा जुया च्वंगु खना: मन लय् ता:गु व नेपा: चीन दथुइ अनेक क्षेत्रय् नं बाँला:गु सम्बन्ध दुगुं खं कनादिल ।"

उपाध्यक्ष जुजु भाई शाक्य व भजन समुह पाखें भजन न्यना: वयक: तसकं प्रभावित जुयादिल ।

**२६०० औं बुद्ध पूर्णिमा समारोह मनाएको**

नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुच: नगदेशको संयुक्त आयोजनामा "शान्तिका महानायक, तथागत गौतम बुद्ध" बोधिसत्व सिद्धार्थ गौतम को रूपमा पवित्र पावन "लुम्बिनी" मा जन्मनु भएको २६३५ वर्ष पुगेको पूर्णिमाको संस्मरणमा; तथागतले बुद्धगयामा सम्बोधिलाभ गरी "बुद्धत्व" प्राप्त गर्नु भएको "२६०० औं बुद्ध पूर्णिमा" एवं बुद्धत्व प्राप्ती पश्चात ४५ बर्षसम्म निरन्तर धर्म प्रचार प्रसार गरी ८० वर्षको परिपक्व: उमेरमा "महापरिनिर्वाण" हासिल गर्नुभएको २५५५ औं बुद्ध पूण्यतिथि अर्थात् बुद्ध सं. २५५५ को शुभारम्भमा तथागतको जीवनमा त्रीवेणी संगम भएको बुद्ध पूर्णिमाको दिनमा भब्य एवं आकर्षक बुद्धपूजाको आयोजित कार्य सम्पन्न गरीयो। सो कार्यक्रममा प्रमुख अतिथिको रूपमा थेरवाद बौद्ध दायक केन्द्रीय परिषदका अध्यक्ष बखत वहादुर चित्रकारज्यू र विशेष अतिथिका रूपमा डा. सानुभाई डंगोलज्यू, श्रद्धेय गुरुमां केशावति र खेमावतिज्यू पाल्नु भएको थियो । त्यस्तै गरी अतिथिको रूपमा ज्यापू महागुथिका केन्द्रीय अध्यक्ष बिपिन्द्र महर्जनज्यूको समुपस्थिति थियो। सो समारोहको अध्यक्षता नगदेश बौद्ध समूहका अध्यक्ष शिब भक्त मेजुले गर्नुभयो। समारोहको शुभारम्भमा प्रमुख अतिथि र विशेष अतिथिहरूले शान्ति महानायक तथागत गौतम बुद्धको मूर्तिमा श्रद्धाका पुष्प गुच्छा अर्पण गनु भएको थियो। थेरवाद बौद्ध दायक केन्द्रीय परिषदका अध्यक्ष बखत बहादुर चित्रकार प्रमुख अतिथिको आशनबाट बोल्नु हुँदै २०६८ सालको राष्ट्रिय जनगणनामा हामीले धर्म र जातीय पहिचानलाई विशेष जोड दिनुपर्ने कुरो उठाउनु भयो भने बिशेष अतिथि डा. सानुभाईले आर्य अष्टाङ्गिक मार्गबारे विशेष चर्चा गर्नुभयो । ज्यापू महागुथिका अध्यक्ष बिपिन्द्र महर्जनले बिभिन्न जनजातिमा बौद्ध जागरण आएको बारे बताउनु भयो। नगदेश बौद्ध समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले सधन्यवाद प्रकट गर्ने क्रममा भगवान बुद्धको जीवनीमा देखा परेको त्रीवेणी संयोग मध्ये वहाँको जन्म पश्चात् ३५ वर्ष उमेरमा बुद्धत्व प्राप्त गरेको सोही पूर्णिमा लाई तत्पश्चात् "बुद्धपूर्णिमाको रूपमा रूपान्तरण भएको



Downloaded from http://www.dhamma.digital

२६०० वर्षको महत्त्वलाई बुझी आजको पावन दिनमा २६००औ बुद्ध पूर्णिमा मनाउनु परेको हो र यस वर्ष राष्ट्रिय जनगणना गर्ने भएकोले "भाषा र धर्म" को विषयमा अति नै समवेदनशील हुनपर्ने कुरोमा जोड दिई उपस्थित प्रभुख अतिथि लगायत सबैलाई साधुवाद प्रकट गर्नु भयो। अन्तमा सभापतिको अनुमति लिई विसर्जन गरी सामूहिक पूण्यानुमोदन गरीयो ।

भोजन पश्चात् २६०० औं बुद्ध पूर्णिमाको उपलक्षयमा विभिन्न बाजागाजा र ज्ञानमाला भजन गाई नगर परिक्रमा गरीयो । सो नगर परिक्रमामा शान्तिका महानायक तथागत गौतम बुद्धको ढलौटको मूर्ति खटमा र ाखी शान्ति ऱ्याली गरेको समेत संस्मरण गरीन्छ ।

**नगदेश बौद्ध समूहको पाँचौ अधिवेशन सम्पन्न**

जून-१, २०११ अर्थात् २०६८/२/१८ को दिनमा नगदेश बुद्ध विहारको धम्महलमा यस नगदेश बौद्ध समूहको पाँचौ अधिवेशन गर्ने हेतुले सर्वप्रथम भब्य बुद्ध पूजाको आयोजना गरियो। सो बुद्धपूजामा प्रमुख अतिथिको रूपमा पाल्नु भएका श्रद्धेय भिक्षु कोलित स्थविरज्यूबट पञ्चशील प्रार्थना गराउनु भइ सो कार्य सम्पन्न भएको लगतै दोश्रो चरणका नगदेश बौद्ध समूहको पाँचौ ऐतिहाससिक अधिवेशनको समुदघाटन प्रमुख अतिथिको रूपमा पाल्नु भएका श्रद्धेय भिक्षु द्वय कोलितस्थविर र सद्धातिस्स स्थविरज्यूले प्रज्ञाको ज्योति रूपी "प्रतिकात्मक पञ्चदीप" प्रज्वलित गरी विधिवत तवरले गर्नुभयो भने स्वागत मन्तब्य समूहका उपाध्यक्ष दीपकराज साँपाले दिनु भयो । सो समारोहको अध्यक्षता समूहका अध्यक्ष उपासक न्हुछे कुमार सिंकेमनले गर्नु भयो भने विगत चारवर्षको समीक्षात्मक प्रतिवेदन १५ पृष्ठको समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले चित्ताकर्षक ढंगले विस्तृत तवरले ४५ मिनेटको वाचनबाट सम्पन्न गरियो ।

नगदेश बौद्ध समूहको पाँचौ एतिहासिक अधिवेशन सफलतामा टुङ्गियोस भनी शुभकामना ब्यक्त गर्ने महानुभावहरूमा सर्वप्रथम ज्यापू महागुथिका केन्द्रीय अध्यक्ष श्री बिपिन्द्र महर्जन ज्यू हुनुहुन्थ्यो भने अर्का वक्ताहरू क्रमश: थेरवाद बौद्ध दायक केन्द्रीय परिषदका श्रद्धेय अध्यक्ष बखत बहादुर चित्रकार ज्यू बौद्ध विद्वान डा. सानुभाई डंगोलज्यू र बौद्ध कवि विष्णु रत्न शाक्यले शुभेच्छा प्रकट गर्नु भयो । प्रमुख अतिथिद्वय भिक्षुमध्ये श्रद्धेय सद्धातिस्स भन्तेज्यूले शुभ आशिष बचन ब्यक्त गर्नुभयो । र नगदेश बुद्ध विहारप्रति निकट भविष्यमा सहयोग गर्ने सोच भएको पनि चर्चा गर्नुभयो भने श्रद्धेय गुरूमाँ केशावतिले साधुवाद ब्यक्त गर्नुभयो र अन्तमा सभाध्यक्ष सिंकेमनज्यूको अनुमति लिई समुदघाटन समारोह विसर्जन भयो र सामूहिक पूण्यानुमोदन समेत गरीयो ।

भोजन पश्चात २६०० औं बुद्धपूर्णिमाको उपलक्ष्यमा विभिन्न बाजागाजा ज्ञानमाला भजन गाई नगरपरिक्रमा गरियो। सो नगर परिक्रमामा शान्तिका महानायक, तथागत गौतम बुद्धको ढलौटको मूर्ति खटमा राखी शान्ति ऱ्याली गरेको समेत संस्मरण गरिन्छ ।

**मैत्री बोधिसत्त्व विहारमा बुद्धपुजा र धर्मदेशना**

*२०६८ वैशाख २८ गते । स्थान- मैत्री बोधिसत्त्व विहार*

यसदिन धम्मवती गुरूमांले पञ्चशील प्रार्थना गराउनु भई बुद्धपूजा र धर्मदेशना गर्नुभएको थियो। स्वयम्भु ज्ञानमाला भजन खल:ले भजन प्रस्तुत गर्नु भएको उक्त कार्यक्रममा सन्तोष वज्राचार्य, सविता वज्राचार्य, सानु श्रेष्ठ, इन्दु श्रेष्ठ र पद्मा श्रेष्ठबाट प्रमुख सपरिवारको तर्फबाट जलपान व्यवस्था मिलाउनु भई पूण्य सञ्चय गर्नुभएको थियो ।

**शाक्यमुनि कीर्ति विहार निर्माणको लागि आर्थिक सहयोग गर्नु हुने दाताहरूको नामावली–**


१) दिवंगत निकीको पूण्यस्मृतिमा नानी छोरी महर्जन ठमेल कोठा निमार्णको लागि रू. ३३५०००/-
२) दिवंगत कुलरत्न बसीको पूण्यस्मृतिमा मदन शाक्य पाटनबाट रू. १००००/–
३) द्रब्यमानसिं भाइराजा तुलाधरबाट रू. ५००००/–
४) भिक्षु शान्त चित्त इन्डोनेसियाबाट रू. २१०००/–
५) लक्ष्मी देवी झुनु मानन्धर लाजिम्पाटबाट पिलरको लागि रू. १३०००/–
६) दो गुणवती गुरूमां बर्माबाट रू. १५०००/–
७) भिक्षु सुमनकीर्ति भन्ते बलम्बु रू. ८०००/–
८) चमेली गुरुमां धर्मकीर्तिबाट रू. ५०००/–
९) अनोजा गुरुमां सुलक्षणकीर्ति विहार रू. ५०००/–
१०) सुमेघावती गुरुमां, धरान रू. ५०००/–
११) शान्तिवती गुरुमां सहित पद्म चैत्य विहार, बुटवल रू. ५०००/–
१२) दिवंगत लक्ष्मीनानी पूण्यस्मृतिमा रजनी तुलाधर रू. ५०००/–
१३) दानमाया महर्जन बनस्थली रू. ५०००/–
१४) लक्ष्मी महर्जन बनस्थली माता, पिता एवंम् छोराको पूण्यस्मृतिमा रू. ५०००/–
१५) थिमीमा भिक्षा गरी प्राप्त भएको चन्दा रू. २१०००/–
१६) पाङ्गा र नगांमा भिक्षाटनबाट प्राप्त रू. १७६४०/–
१७) बोसी गाउँ बुद्ध पूजाबाट प्राप्त रू. ४० हजार/–
१८) नैकापमा बुद्धपूजाबाट प्राप्त रकम रू. ३३३४५/–
१९) बोसी गाउँमा धर्मदेशना गरी प्राप्त भएको रू. ३३२५५/–
२०) मच्छे गाउँबाट प्राप्त रू. १५०००/–

**–: भिंकाच्वना :–**

**धर्मकीर्ति वर्ष २९ अङ्क १, बु.सं. २५५५ वैशाख पूर्णिमा विशेषांक पत्रिकाया पेज ल्याः ४६ स "भिक्षुपिं स्वम्हे सित सिरपाः नां दुगु बुखँय् सिरपाः ल्याः ३५००/– ज्वीमाथाय् मेकथं हे जुयाच्वंगुलिं थुकीयात भिंकाः ब्वनादीत इनाप याना ।**



Downloaded from http://www.dhamma.digital



# २५५५ औं बुद्ध जयन्ती समारोह बौद्ध सदन शाक्यमुनि गोन्पाले भव्यताकासाथ मनाइयो

बन्दीपुर, २०६८ साल ज्येष्ठ ३ गते २५५५ औं बुद्ध जयन्ती भव्यताकासाथ सम्पन्न गरियो । उपर्युक्त गोन्पा निमन्त्रणामा बुद्ध जयन्तीका लागि काठमाडौंबाट प्रमुख गुरु लगायत १४ जना लामा गुरु र अनी, गुरुमाँहरू ज्येष्ठ ३ गते बन्दीपुर आउनु भएको थियो । गोन्पाको संस्थापक अध्यक्ष गणेश गुरुङ लगायत गोन्पा परिवारले बन्दीपुर बसपार्कबाट उहाँहरूलाई भव्य स्वागत चलाउनुभयो । साथै बाटोको दायाँ र बायाँतिर उभिरहनु भएका बन्दीपुरे दाजुभाई, दिदी बहिनी र विद्यार्थी भाई-बहिनीहरूले पनि फूलमाला र फूलको गुच्छा दिएर स्वागत गर्नुभयो ।

बेलुकाको भोजन पश्चात् गुरुहरूले महायान परम्परा अनुसार बुद्ध मूर्ति धरणी (मन्त्र) राख्नुका साथै विभिन्न महत्त्पूर्ण धार्मिक द्रव्यहरू हालेर सामान्य जीवन्यास (प्राणप्रतिष्ठान) गर्नुभयो ।

वि.सं. २०६८ ज्येष्ठ ३ गते विहान पहिले खेन्पो ङवाङ वोशेर गुरुले बुद्ध मूर्ति समक्ष अष्टशील लिनुभयो । तत्पश्चात् उपासक उपासिकाहरूलाई अष्टशील प्रदान गर्नुकासाथै अष्टशीलको विषयमा विस्तारमा व्याख्यान गर्नुभयो । अनि बुद्धमूर्तिलाई पुन: विधिपूर्वक जीवन्यास (प्राण प्रतिष्ठान) गर्न सुगन्धयुक्त जल र धूप वत्ती तथा वस्त्र (खाताक) अर्पण गर्नुभयो बुद्धमूर्तिमा । त्यसपछि बुद्ध मूर्तिलाई सजाएको खाटमा र खेर फूलमाला र खाताक चढाई लामा वाद्यवादन र स्थानीय गुरुङ संस्कृति अनुसार सिङ्गार-पटार गरेका युवा-युवती र नगरवासीले नगरपरिक्रमा गर्दै शाक्यमुनि गोन्पामा स्थापना गर्नुभयो । यस बखत खेन्पो गुरुले बुद्धमूर्ति समक्ष मङ्गलाचरण पाठ गर्दै वहुजनहिताय वहुजनसुखाय देवमनुष्यको प्रयोजनका लागि अपरकाल पर्यन्त सजीव भई विराजमान भइरहनु भनी प्रार्थना गर्नुहुँदै पुष्प अर्पण गर्नुभयो । यसकासाथै बुद्धजयन्ती समारोहमा उपस्थित उपासक उपासिका र काठमाडौंबाट सहभागी हुन आउनु भएका श्रद्धालु भक्तजनहरूले पनि धुप, वत्ती, फूलमाला र भेटी चढाएर बुद्ध पूजा गर्नुभएका थिए । यसको अतिरिक्त नारायणघाट, गोर्खा, लमजुङ्ग र धर्मपानी, देउराली, छिम्केश्वरी, अपुखैरिनी, घाँसीकुँवा, भानु, मेर्लुङ गा.वि.स. तथ सतीसोन्हबाट पनि बुद्ध जयन्तीमा सहभागी हुन भक्तजनहरू आउनुभएका थिए । यसवेला दिउँसो को मध्यान्ह भएकोले अष्टशील लिएका उपासक-उपासिकाहरू मध्यान्हको भोजन लिनुहुँदै एक दिनका लागि आफूहरू साक्षात् बुद्ध अनुयायी एवंम् श्रावक भएको अनुभव गर्नुभयो ।

यसपछि प्रवचन कार्यक्रम शुरू गर्नुभयो । प्रवचन कार्यक्रम आरम्भ गर्नुभन्दा अघि त्रिशरणगमन र पञ्चशील लिन लगाएर त्रिरत्नको शरणमा आएको अनुभव गराउनुभयो । यसैक्रममा गोन्पाको उपाध्यक्ष ईश्वर गोपाल प्रधानले अतिथि महानुभावहरूको स्वागत गर्नुहुँदै गोन्पा यस अवस्था आइपुगेकोमा खुशी व्यक्त गर्दै– "आज जसरी पूजा गरियो त्यसरी संधै पूजागर्ने पूजारी चाहियो" भनी पूजारीको प्रस्ताव गर्नुभयो । यसपछि काठमाडौंबाट आउनुभएको हिरा मगरले सुखको चाहना गर्ने सबैले शील लिएर बुद्धको बानी सिक्नु पर्‍यो भन्नुभयो ।

यसपछि पञ्चशीलको बारेमा प्रवचन दिनुहुँदै खेन्पो गुरुले भन्नुभयो– शील नभएको र शिर नभएको एउटै हो, भगवानको नाम गरेर भोग बलिदिनु अन्धविश्वास हो, प्राणीको हिंसा गर्दा आफू पनि अकालमा मर्नुपर्छ, जिन्दगी भरि रोगी र अस्वास्थ्य भइरहन्छ, चोरी गर्दा जहिले पनि गरिब भइन्छ, धनसम्पत्ति भए पनि सह हुँदैन, अब्रह्मचर्या गर्दा आफ्ना घर परिवार र छिमेकीमा जहिले पनि अशान्ति भइन्छ, यस जिन्दगीमा अशान्ति र मरणपछि पशुयोनीमा जन्मिन्छ, झूटो बोल्दा आफ्ना वचन फितलो हुन्छ, सयवटा कुरा गरेर एउटा पनि अरूले पत्ताउँदैन, मादक पदार्थ सेवन गर्दा सचेत मान्छे अचेत हुन्छ, बौलाह हुन्छ । त्यसैले हिंसा नगर्ने शील पालन गरौं ।

**चोरी नगर्ने शील पालना गरौं, अब्रह्मचर्या नगर्ने शील पालना गरौं । झूटो कुरा नबोल्ने शील पालना गरौं, मादक पदार्थ सेवन नगर्ने शील पालना गरौं"** भन्नुभयो । यसरी नै अगाडि भन्नुभयो– नेपाल आमाको सुपुत्र, विश्व ज्योति, शान्तिप्रेमी, बुद्धका जन्मभूमि नेपालमा बौद्ध धर्म विरोधीहरूले भगवानको नाममा असंख्य निरिह पशुहिंसा गरी बुद्धको अपमान गरेकोले र बुद्ध शिक्षाको विपरीत गतिविधि गरेकोले यो देशको जनताले दु:ख पाएको र यो देश उँधो लागेको हो । त्यसैले त्यस्तो दानवीय प्रवृत्ति त्यागेर मानवीय कार्यमा लागौं, वहुजनहिताय वहुजन सुखायको कार्यमा लागौं, यही नै हामी सबैको हितमा हुनेछ भन्नुभयो । यस अवसरमा खेन्पो गुरुले त्यहाँ उपस्थित सबैको सुस्वास्थ्य र उत्तरोत्तर प्रगतीको कामना गर्दै अर्को सालको बुद्धजयन्तीमा यस्तै वातावरणमा भेट्ने वाचा पनि गर्नुभयो ।

अन्तमा अध्यक्षको आसनबाट बोल्दै गणेश गुरुङले भन्नुभयो– शून्यस्थानबाट निर्माण कार्य आरम्भ गरेर आज हामी यस अवस्थामा आइपुगेका छौं, हामी सबैको सत्प्रयासले र भगवान बुद्धको कृपा तथा गुरुको आशीर्वादले यो सफलता प्राप्त भएको हो । यो बुद्ध मन्दिर बन्दीपुर नगरको अलंकार भएको छ । यो कसैको व्यक्तिगत सम्पत्ति नभई हामी सबैको धर्म र संस्कृति सम्पदा हो । त्यसैगरी अगाडि भन्नुभयो– आज विश्वमा धुमधामकासाथ २५५५ औं बुद्ध जयन्ती मनाइरहेका छौं भने, हाम्रो यहाँ चाहिं यो नौलो भएको छ, यो हामीले हाम्रो धर्म संस्कृति प्रति गरेको अपहेलनको एक नमुना हो । अन्तमा उहाँले बुद्धजयन्ती समारोहमा भागलिन आउनुभएका भक्तजन सबैलाई हार्दिक धन्यवाद दिनुभयो ।

❖

Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्भन्ति तेसंऊपसमो सुखो ॥



*बुन्हि :*
*वि.सं. १९७६ श्रावण ५ गते*
*आइतवार, अष्टमी*

*मदुगु न्हि :*
*२०६७ चैत्र २१ गते,*
*सोमवार, पारु*

# मदुम्ह माणिकधर तुलाधर

जिमि अतिकं हनेवहम्ह: **दाजु माणिकधर तुलाधर** ९२ वर्ष आकाझाकाँ मदुगुलिं मदुम्ह दाजुयात सुखावती भुवन वास लाय्‌मा धका अनित्य संसारयात लुमंका बिचा हाय्‌का च्वना ।

**केहें: चिनिया लक्ष्मी तुलाधर**
**भिन्चापिं: चित्त लक्ष्मी ताम्राकार – भाजु: स्वयम्भूमान ताम्राकार**
**भिन्चापिं: पद्म लक्ष्मी तुलाधर – भाजु: निर्मलमान तुलाधर**
**भिन्चापिं: चन्द्र लक्ष्मी तुलाधर – भाजु: तांम्मडिङ्ग तुलाधर**
**भिन्चापिं: चन्द्र वीर सिंह तुलाधर – मय्‌जु: लिली तुलाधर**
**भिन्चापिं: रोशन वीर सिंह तुलाधर – मय्‌जु: प्रज्ञा तुलाधर**
**भिन्चापिं: दिपक वीर सिंह तुलाधर – मय्‌जु: पुजन तुलाधर**
**असन, जरूंक्षे सकल परिवारपिं**

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI
**A BUDDHIST MONTHLY**



२५५५ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारमा आयोजित रक्तदान कार्यक्रममा सहभागी रक्तदाताहरू

**वर्ष-२९; अङ्क-२** **बु.सं. २५५५, ज्याःपुन्हि**

Downloaded from http://www.dhamma.digital

# द्वन्द समाधानमा बुद्ध धर्मको सान्दर्भिकता




२५५५ औं बुद्ध जयन्तीको उपलक्ष्यमा 'बौद्ध प्रवचन समाज' का अध्यक्ष श्री घनश्याम राजकर्णिकारज्यूको सभापतित्वमा 'द्वन्द्व समाधानमा बुद्ध धर्मको सान्दर्भिकता' विषयक प्रवचन गोष्ठि सम्पन्न भएको समाचार छ ।

प्राप्त समाचार अनुसार गोष्ठिमा बोल्नुहुँदै प्रमुख अतिथि भिक्षु निग्रोधले बुद्धको जीवनकालका विभिन्न घटनालाई उदाहरणको रूपमा प्रस्तुत गर्दै द्वन्द्व समाधान गर्न बुद्ध धर्मले खेलेको भुमिका माथि प्रकाश पार्नुभयो । यस्तै, त्रिभुवन विश्वविद्यालय बुद्धोलोजि विभागका प्रमुख डा. मिलन शाक्यले प्राकृतिक नियम अनुसार द्वन्द्वको कारण गति उत्पन्न हुने हो र गतिशिलताबाट नै समस्या उत्पन्न हुनुका साथै समाधानको उपाय पनि पत्ता लाग्नेछ भन्नुभयो । कुनैपनि समस्या निरपेक्ष रूपमा उत्पन्न हुने नभै कुनै न कुनै कारणसँग सापेक्ष हुने भएकोले कारण लगाई समाधान गर्न बुद्धधर्मले हौसला दिन्छ भन्नुभयो ।

गोष्ठि शुरु हुनु भन्दा अघि प्रमुख अतिथि भिक्षु निग्रोधले 'बौद्ध प्रवचन समाज' को उदघाटन गर्नुभएको थियो ।

भिक्षु ज्ञानपूर्णिक महास्थविर, सत्यमोहन जोशी, माधवलाल कर्माचार्य र डा. त्रिरत्न मानन्धरहरू सल्लाहकार रहेको सो 'समाज' का पदाधिकारीहरूमा अध्यक्ष - घनश्याम राजकर्णिकार, उपाध्यक्ष - देव रञ्चित, महासचिव - प्रकाशमान शाक्य, कोषाध्यक्ष - विद्याबहादुर बज्राचार्य र सदस्यहरूमा - मदनसेन वज्राचार्य, रत्नसुन्दर शाक्य, शान्ता राजकर्णिकारहरू रहेका छन् ।

'समाज' को उद्घाटन पश्चात् 'समाज' का अध्यक्ष घनश्याम राजकर्णिकारले 'बौद्ध प्रवचन समाज' स्थापना गर्नुको कारण र उद्देश्य माथि प्रकाश पार्दै व्यक्तिगत रूपमा गर्दै आएको प्रयासलाई संगठित रूपमा अघि बढाउने उद्देश्यले 'समाज' को स्थापना गरेका हौं भन्नुभयो ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार प्रा. डा. खड्गमान श्रेष्ठज्यूको मन्तव्यबाट प्रारम्भ भएको प्रवचन गोष्ठिमा मदनसेन वज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो । 'समाज'का महासचिव प्रकाशमान शाक्यले सञ्चालन गर्नुभएको सो सभाको प्रारम्भमा 'समाज'का सदस्य शान्ता राजकर्णिकारले फूलको गुच्छाद्वारा अतिथिहरूको स्वागत गरेका थिए ।

Downloaded from http://www.dhamma.digital